सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०७९-WO-०९९४

मुद्दाः परमादेशसमेत।

१. गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३० घर भई हाल काठमाडौंमा रही प्रुडेन्सियल ल एशोसिएटसमार्फत कानून व्यवसाय सञ्चालन गर्दै आएका अधिवक्ता सरोज अधिकारी।

२. कम्पनी रजिष्ट्रारको कार्यालयमा मुनाफा वितरण नगर्ने कम्पनीको रूपमा दर्ता नं.३०५८५२ मा दर्ता रहेको काठमाडौं महानगरपालिका वडा नं.१० मा रजिष्टर्ड कार्यालय रहेको नेपाल फार्म व्यवसायी संघको तर्फबाट अख्तियार प्राप्त गरी आफ्नो हकमासमेत ऋगेन्द्र गिरी।

निवेदक

विरुद्ध

१. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।

२. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

३. कृषि तथा पशुपंक्षी मन्त्रालय, सिंहदरबार, काठमाडौं।

४. स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौं।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं।

६. शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।

७. वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।

८. नीति अनुसन्धान प्रतिष्ठान, नारायणहिटी, काठमाडौं।

९. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, रामशाहपथ, काठमाडौं।

१०. नेपाल आयुर्वेद चिकित्सा परिषद्, नरदेवी, काठमाडौं।

११. चिकित्सा परिषद् नेपाल, महाराजगञ्ज, काठमाडौं।

प्रत्यर्थी

१२. नेपाल प्रहरी, प्रधान कार्यालय, नक्शाल, काठमाडौं।
१३. सिंहदरबार वैद्यखाना विकास समिति, अनामनगर काठमाडौं।
१४. आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकु, काठमाडौं।

नेपालको संविधानको धारा ४६ तथा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्रको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः-

तथ्य खण्ड

१. विश्वभरी क्यानिबिस (cannabis), मरियुआना (marijuana), विड (weed) जस्ता गाँजाका धेरै नामहरू छन्। यसको प्रोसेसपछि भाँग तथा चरेस बन्ने गर्दछ। गाँजाको फूल र पात बाहेकका अन्य भागलाई हेम्प (hemp) भनिन्छ। यसका विभिन्न भागहरूबाट औषधी र लत्ताकपडा लगायत अन्य निर्माणका सामग्रीहरूको उत्पादन हुने गर्दछ। यसका फूल (सिद्ध) तथा पात मानिसको मानसिक स्वास्थ्य समस्या, नशा तथा स्नायु, छाला एवम् शरीरका मांसपेशीमा देखिने विभिन्न क्रोनिक रोगहरू, आँखा रोग, अल्जाइमर, ट्राइकासाइट, माइग्रेन, इपिलेप्सी, अपाचन, अनिद्रा, छाती दुख्ने, ज्वरो आउने, श्वासप्रश्वासमा असहजता, यौन दुर्बलताजस्ता घातक र कम घातक रोगहरूको प्राकृतिक तथा वैज्ञानिक उपचारको लागि उपयोगी छ। साथै गाँजामा गुणस्तरीय प्रोटिन, सन्तुलित फ्याटी एसिड, लिपिड, कार्बोहाइड्रेड, भिटामिन, खनिज तथा फाइबरसमेत पाइन्छ।

२. यो वनस्पति स्वास्थ्यका अलावा औद्योगिक एवम् पर्यटन व्यवसायको दृष्टिकोणले पनि देशको समृद्धि एवम् वैभवको अपूर्व सम्भावना बोकेको प्राकृतिक सम्पदा हो। गाँजा नेपालको धेरै स्थानमा सजिलै उम्रिई हुर्कन सक्दछ। गाँजाको पात, डाँठ, बोक्रा, रेशा तथा जराहरूको प्रयोग गरी कागज, कपडा, घर बनाउने सामग्रीहरूका साथसाथै fuel, solvent र lubricants समेत बनाउन सकिने हुन्छ। सन् १९७० को पूर्वार्द्धसम्म नेपालमा गाँजा खेती र व्यापार वैधानिक रूपमा हुने गरेको देखिन्छ। थुप्रै चाडपर्वमध्ये शिवरात्रिमा नेपाल सरकारले बिदा दिई विभिन्न कार्यक्रमहरूसमेत मनाउँदै आएकोमा पाशुपत क्षेत्रमा बाबाजीहरूलाई विश्व हिन्दु महासंघ लगायतले प्रसादस्वरूप गाँजा वितरणसमेत गर्दछ। यस मौलिक र लोकप्रिय परम्पराको जगेर्ना गर्नु विपक्षी सरकारको दायित्व हो। यसका लागि नेपालमा गाँजाको संरक्षण

तथा नियमनसहितको प्रवर्धन हुन आवश्यक छ।

३. नेपाल पक्ष राष्ट्र रहेको Single Convention on Narcotic Drugs, 1961 ले गाँजाको उत्पादन तथा अनुसन्धानलाई रोकेको छैन। विश्व स्वास्थ्य संगठनले संयुक्त राष्ट्रसंघका महासचिवलाई जनवरी, २०१९ मा पत्र लेखी सन् २०२०, २ डिसेम्बरमा राष्ट्रसंघीय लागू औषधसम्बन्धी आयोग (The United Nations Commission on Narcotic Drugs-UNCND) का ५३ सदस्य मुलुकहरूले मतदान गर्दा २७ सदस्य राष्ट्रले गाँजालाई कम हानिकारक लागू पदार्थको पक्षमा मत हाली हाल गाँजा खतरनाक लागू औषधीको श्रेणीबाट हटाइसकेको छ। जहाँ नेपालले गाँजा खतरनाक लागू औषध भएको विपक्षमा मतदान गरेको थियो।

४. विश्वमा गाँजालाई लागू औषधबाट नियन्त्रित औषधीय, खाद्य पदार्थ तथा अन्य उत्पादनका सामग्रीका रूपमा उत्पादन तथा बिक्री वितरणको व्यवस्थापन गरी असिमित लाभका लागि खुला गर्दै लगेको, ऐन निर्माण हुँदाकै बखत गाँजाको खेती, उत्पादन, तैयारी, बिक्री वितरण, निकासी, पैठारी, सञ्चय वा ओसारपसारको कार्यलाई पूर्ण रूपमा खुला गरेको, देशको जमिनहरूमा देखिएको उत्पादकत्व ह्रास तथा ग्रामिण भेगका जमिनहरू बाँझो रहेको परिप्रेक्ष्यलाई समेत मध्येनजर गर्दै ऐनद्वारा प्रत्यायोजित विधायनबमोजिम आवश्यक पर्ने नियम बनाई तथा अन्य आवश्यक काम गर्न तथा सोसम्बन्धी वातावरण तयार पार्ने लगायतको कार्य गर्न विपक्षीहरूका नाउँमा संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम आवश्यक आदेश जारी गरी पाउन अनुरोध गर्दछौं। साथै, यसका अन्य सम्भावनाहरू समेतको खोज तथा अध्ययन अनुसन्धान गरी उचित नियमन गर्न गराउन जो चाहिने आदेशसमेत गरिपाऊँ। ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांश (१) बमोजिम चरेस उत्पादन, सञ्चय, ओसार पसार, सेवन तथा बिक्री वितरणलाई नियमन गर्न आवश्यक पर्ने नियम तत्काल बनाई लागू गर्न गराउन विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ। ऐनको दफा ५ को खण्ड (क) बमोजिम औषधोपचारको निमित्त गाँजाको खरिद बिक्री गर्नको लागि अनुमति प्रदान गर्न र सेवन गर्न नियमावली बनाउनू भनी परमादेश जारी गरिपाऊँ। ऐनको दफा ५ को खण्ड (ख) लाई सम्मानित अदालतबाट सार्वजनिक सरोकारको बृहत्तर हित हेरी आदेश हुनु जरुरी छ। धार्मिक कार्यमा गाँजाको प्रयोग गर्ने, उमेर पुगेका व्यक्तिले निश्चित मात्रामा मनोरञ्जनको लागि गाँजा सेवन गर्ने, पर्यटन प्रबर्द्धनका लागि निश्चित क्षेत्रहरूमा गाँजा सेवन गर्न गराउन दिने लगायतका सम्बन्धमा उचित कानूनी व्यवस्था गर्न गराउन विपक्षीहरूको

नाउँमा परमादेश लगायतको आदेश जारी गरिपाऊँ। गाँजाको विभिन्न उपयोगिता, विश्व बजारमा नेपालको गाँजाको माग र बजार आदिलाई मध्येनजर गरी गाँजालाई औषधी वा वैज्ञानिक प्रयोजनका लागि खेती गर्न, तयार गर्न, उत्पादन गर्न, निर्माण गर्न वा निकासी पैठारी गर्न वा स्वीकृत चिकित्सकको सिफारिसबमोजिम बिक्री गर्नका लागि आवश्यक नियमावली बनाउन परमादेश जारी गरिपाऊँ।

५. लागू औषध(नियन्त्रण)ऐन,२०३३ को दफा २४ का आधारमा hemp बनाउने उद्देश्यले गाँजा खेती गर्नका लागि अनुमति दिने र त्यहाँ निस्किएको cannabinoid लाई ऐनको दफा ६ लाई नियमन गर्न बनेको संस्था वा सरकारी निकायको रोहवरमा प्रयोग गर्न पाउने गरी नियम बनाउन परमादेश जारी गरिपाऊँ। गाँजाको खेती तथा सोको उत्पादनमा लागेका प्रतिबन्ध फुकाई नियमन गर्न आवश्यक पर्ने जो चाहिने आज्ञा, आदेश वा निर्देशनसमेत जारी गरिपाऊँ। नेपालको रैथाने गाँजाको प्रजातीको पेटेण्ट दर्ता गर्नसमेत दिनू भनी प्रत्यर्थीहरूको नाउँमा परमादेश लगायतको जो चाहिने आदेश जारी गरी पाऊँ भनी दायर हुन आएको रिट निवेदन।

६. यसमा के कसो भएको हो? विपक्षीहरूबाट लिखित जवाफ माग गरी नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस अदालतको आदेश।

७. यस मन्त्रालयलाई नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम प्राप्त अधिकार एवम् कार्यक्षेत्रभित्रको के कुन कार्य नगर्दा रिट निवेदकले उठान गरेको विषयमा असर पऱ्यो भनी रिट निवेदनमा प्रष्ट खुलाउन सक्नुभएको छैन। जहाँसम्म गाँजा खेती तथा सोको उत्पादनमा लागेको प्रतिबन्ध फुकाई नियमन गर्ने परमादेशको आदेश जारी पाऊँ भन्ने दाबी सार्वजनिक हित (Public Interest) विपरीत छ। सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधासमेतलाई विचार गरी गाँजा लगायतका नशालु पदार्थजन्य वनस्पतिको नियन्त्रण, उत्पादन, बिक्री वितरण सम्बन्धमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी भएको छ। सो कानूनको कार्यान्वयनमा यस मन्त्रालयको कुनै पदीय दायित्व र जिम्मेवारी रहेको छैन।

नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो। यसले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धता पूरा गर्ने र हस्ताक्षर गरेका सन्धि र अभिसन्धिको पूर्ण पालना गर्ने गर्दछ। नेपाल सदैव संयुक्त राष्ट्र संघको बडापत्रप्रति प्रतिबद्ध छ। सन् १९६१ को मार्चमा संयुक्त राष्ट्र संघको सम्मेलनले अन्तर्राष्ट्रिय सन्धि सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग, १९६१ पारित गरेको थियो। जसले गाँजालाई लागू औषध मान्दै प्रतिबन्ध लगाएको छ। नेपालले सो अभिसन्धिमा सन् १९७६

मा हस्ताक्षर गरेपश्चात् लागू औषध नियन्त्रणसम्बन्धी ऐन बनाई लागू गरेको छ। सो कानूनले गाँजाजन्य वनस्पति लगायत अन्य लागू पदार्थजन्य वनस्पतिको खेती, उत्पादन र बिक्री वितरणमा नियन्त्रण गरेको छ। नेपाल सन्धि ऐन, २०४७ बमोजिमसमेत नेपाल उक्त सन्धिप्रति प्रतिबद्ध भएकाले गाँजाजन्य पदार्थलाई प्रोत्साहन गर्ने कार्य राष्ट्रिय कानून तथा सार्वजनिक हित र अन्तर्राष्ट्रिय कानूनको समेत विपरीत भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको विपक्षी शहरी विकास मन्त्रालयको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

८. विपक्षी निवेदकहरूले उल्लिखित निवेदनमा नेपाल प्रहरी प्रधान, कार्यालय नक्सालको यो यस्तो कार्यले निवेदकहरूको हक अधिकारमा आघात पारेको भनी कहीं कतै उल्लेख नगरेको हुँदा उल्लिखित निवेदन प्रथम दृष्टि (Prima Facie) मानै खारेज भागी छ। कुनै पनि कार्यलाई अपराध घोषित गर्ने, दण्ड, सजाय निर्धारण गर्ने विशुद्ध रूपमा व्यवस्थापिकाको अधिकार क्षेत्रभित्र पर्दछ। नेपाल प्रहरीको प्रमुख कार्य शान्ति सुव्यवस्था कायम गर्नु, अनुसन्धान गर्नु तथा कानूनको प्रभावकारी कार्यान्वयन गर्नु हो।

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३(क)(१) मा गाँजालाई लागू औषधको परिभाषाभित्र समेटेको छ भने ऐ. को दफा ४ ले गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्न निषेध गरेको छ। त्यसैगरी ऐ. को दफा १४ मा गाँजाको सेवन गर्ने, गाँजाको खेती गर्ने, बिक्री वितरण गर्ने व्यक्तिलाई कैद र जरिबाना हुने व्यवस्था गरेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम जो कसैले पनि विद्यमान कानूनमा संशोधन वा खारेज नभएसम्म कानूनको पालना गर्नुपर्ने नै हुन्छ। यसर्थ, निवेदकले उठान गरेको विषय लागू औषध (नियन्त्रण) ऐन, २०३३ लाई आवश्यक संशोधन वा परिमार्जन गर्ने, नियमहरू बनाउने, नीति निर्माण गर्ने जस्ता कार्यहरू विधायिका तथा नेपाल सरकारमा निहित रहेको र उक्त विषय नेपाल प्रहरीको अधिकारक्षेत्रभित्र नपर्ने साथै उल्लिखित व्यवस्था परिमार्जन वा खारेज नभएसम्म लागू हुने नै हुँदा नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

९. नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको विशेषज्ञ समूह (Think Tank) को रूपमा स्थापित

संस्था हो। गाँजाको वैधानिकीकरण सम्बन्धमा अध्ययन अनुसन्धान गर्न नीति अनुसन्धान प्रतिष्ठानलाई आग्रह गरेअनुरूप संवत् २०७९ वैशाख महिनाबाट यसबारे अध्ययन थालनी भएको थियो। उक्त अध्ययनको विषय "नेपालमा गाँजा तथा गाँजाजन्य खेतीको वैधानिकीकरणः सम्भावना र चुनौती" रहेको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बीच एक समझदारी पत्र (एम.ओ.यू.) मा हस्ताक्षर भई यो अध्ययनलाई अगाडि बढाइएको अवस्था छ।

नीति अनुसन्धान प्रतिष्ठानको पहल र तत्त्वावधानमा गाँजाको वैधानिकीकरणका सम्बन्धमा दोस्रो नीति संवाद कार्यक्रम आयोजना गरिएको थियो। उक्त छलफलबाट प्राप्त सुझावका आधारमा अध्ययनको पहिलो ड्राफ्टलाई थप परिमार्जन गर्न प्रतिष्ठित अनुसन्धानकर्ताहरूले विषयका जानकार व्यक्ति र संलग्न व्यवसायीहरूसँग अन्तर्वार्ता तथा छलफल गरी अध्ययनलाई आवश्यक सुधार गरिएको थियो। यसै अध्ययनको परिमार्जन र आवश्यक सबै सरोकारवालाका तर्फबाट अध्ययनका निष्कर्षलाई पुष्ट्याइँ गर्न गाँजा खेतीको वैधानिकीकरण सम्बन्धमा बृहत् संवाद आयोजना गरिएको थियो। सो छलफलबाट प्राप्त निष्कर्षहरूलाई समेत समेटी हाल नेपालमा गाँजा वा गाँजाजन्य खेतीको "सम्भावना र चुनौती" सम्बन्धी विषयको अन्तिम अध्ययन प्रतिवेदन तयार भई प्रतिष्ठानको प्रकाशन प्रक्रियाअनुसार समीक्षाको चरणमा रहेको अवस्था छ।

यसै सन्दर्भमा गृह मन्त्रालयबाट नेपाल कानून आयोगलाई गाँजासम्बन्धी अध्ययन गर्न औपचारिक निर्णय भएपश्चात् नीति अनुसन्धान प्रतिष्ठानसमेतका तर्फबाट नेपाल कानून आयोगमा सोही अध्ययनका लागि बनेको अध्ययन टोलीलाई सो सम्बन्धमा जानकारी उपलब्ध गराउने र थप कार्यका लागि सहकार्य गर्ने भनी निर्णय भएको र यस सम्बन्धमा समयानुकूल छलफल र प्रतिवेदन आदान प्रदान भइरहेको छ। साथै, विज्ञबाट भएको समीक्षा तथा प्रतिष्ठानका प्रकाशनसम्बन्धी आन्तरिक प्रक्रिया पूरा गरेपछि प्राप्त सुझावहरू नीति सिफारिसको रूपमा नेपाल सरकारमा पेस गरिने नै हुँदा विपक्षी रिट निवेदकले यस प्रतिष्ठानले गाँजाको आवश्यकता बारे पर्याप्त अध्ययन अनुसन्धान गरी आवश्यक नीति सरकारलाई सिफारिस नगरेको भनी लिनुभएको जिकिर तर्कसङ्गत नरहेको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको विपक्षी नीति अनुसन्धान प्रतिष्ठानको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

१०. गाँजाको खरिद बिक्री गर्नको लागि अनुमति प्रदान र निश्चित वर्गका व्यक्तिलाई तोकिएबमोजिम गाँजाको प्रयोग तथा सेवन गर्न पाउने गरी उचित कानूनी व्यवस्था गर्ने गराउने लगायतको विषयमा यस मन्त्रालयको के कस्तो भूमिका रहने हो? सो विषयमा यस मन्त्रालयबाट के कस्तो निर्णय वा काम कारबाही गर्नुपर्ने हो? विपक्षीले रिट निवेदनमा केही बेहोरा उल्लेख गर्न सक्नुभएको छैन। लागू औषधको उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी जस्ता विषयहरू एउटा देशको मात्र समस्याका रूपमा नभै विश्वव्यापी प्रभाव र चुनौतीका विषय बन्न पुगेका छन्। साथै, औषधको खेती, उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी लागूसम्बन्धी विषय एक देशको मात्र नभई विश्वव्यापी सरोकार र चासोको विषयसमेत रहेको छ।

जहाँसम्म वन तथा वातावरण मन्त्रालयले अन्य आवश्यक सरोकारवालासँग सहकार्य गरी जङ्गली गाँजाको प्रचलित संरक्षण गरी त्यसबाट लाभ लिनेतर्फ काम गर्न सक्नेमा त्यसतर्फ केही कुनै प्रयत्न नगरेको भन्ने विषय छ, सो सम्बन्धमा लागू औषध नियन्त्रण ऐन, २०३३ मा भएको कानूनी व्यवस्थाबमोजिम लागू औषध साथमा राख्न नहुने, सञ्चय, कारोबार, बिक्री वितरण, आयात निर्यात, सेवन गर्न नहुनेदेखि लिएर ओसारपसार सम्मका सम्पूर्ण कारोबारलाई प्रतिबन्ध लगाई लागू औषधको रूपमा परिभाषित गरेको र यसरी कानूनद्वारा प्रतिबन्धित भएको विषयमा जङ्गली गाँजाको संरक्षण गर्ने र त्यसको लाभ लिने भन्ने कुरा गैरकानूनी हुने भएकोले सोको संरक्षण गर्ने र लाभ लिने विषयमा यस मन्त्रालयले केही गरी रहनुपर्ने देखिँदैन। विपक्षीले रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र अन्य निकाय समेतलाई प्रत्यर्थी बनाई दायर रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी वन तथा वातावरण मन्त्रालयको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

११. लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ५ को खण्ड (क) र (ख) मा भएको व्यवस्थाबमोजिम गाँजाको खरिद बिक्री गर्नको लागि अनुमति प्रदान र निश्चित वर्गका व्यक्तिलाई तोकिएबमोजिम गाँजाको प्रयोग तथा सेवन गर्न पाउने गरी उचित कानूनी व्यवस्था गर्ने गराउने लगायतको विषयमा यस मन्त्रालयको के कस्तो भूमिका रहने हो ? सो विषयमा यस मन्त्रालयबाट के कस्तो निर्णय वा काम कारबाही गर्नुपर्ने हो ? विपक्षीले रिट निवेदनमा केही बेहोरा उल्लेख गर्न सक्नुभएको छैन। सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा

र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतमा नियन्त्रण गर्ने उद्देश्य राखी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को निर्माण भएको र सो ऐनका प्रावधानहरू त्यही उद्देश्य परिपूर्तितर्फ परिलक्षित रहेको छ। लागू औषधको उत्पादन, निर्माण, खरिद बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी जस्ता विषयहरू एउटा देशको मात्र समस्याका रूपमा नभै विश्वव्यापी प्रभाव र चुनौतीका विषय बन्न पुगेको छ। गाँजाको खरिद बिक्री गर्नको लागि अनुमति प्रदान र निश्चित वर्गका व्यक्तिलाई तोकिएबमोजिम गाँजाको प्रयोग तथा सेवन गर्न पाउने गरी उचित कानूनी व्यवस्था गर्ने गराउने लगायतको विषय नेपाल सरकार (कार्यविभाजन) नियमावली,२०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने विषय भएकोले सो सम्बन्धमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

१२. नेपाल सरकार, गृह मन्त्रालय संविधान तथा कानूनको परिपालना गरी सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिकहित कायम राख्नको लागि प्रतिबद्ध रहेको छ। लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद, बिक्री, सञ्चय, ओसारप्रसार एवम् निकासी पैठारी समेतमा नियन्त्रण गर्न प्रतिबद्ध रहेको छ। ऐ. ऐनको दफा ४ को खण्ड (क) मा गाँजाको खेती गर्न उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्न निषेध गरिएको भए तापनि ऐ. दफाको प्रतिबन्धात्मक वाक्यांशको (१) मा नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफैं उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेस उत्पादन गर्न, त्यस्तो चरेस सङ्ग्रह गर्न, राख्ने र खरिद बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई व्यवस्था गर्न सक्नेछ र सोअनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस दफाअन्तर्गत अपराध गरेको मानिने छैन भनी व्यवस्था गरेको देखिन्छ। साथै, सोको खण्ड (१क) मा सिङ्गल कन्भेन्शन अन नार्कोटिक ड्रग्स, १९६१ मा परिभाषा गरिए बमोजिमका औषधीमध्ये लागू औषध तयार गर्न प्रयोग गरिने रासायनिक पदार्थ मुख्य औषध नियन्त्रण अधिकारीको अनुमतिले मात्र तोकिएको अनुपातमा आयातनिर्यात, ओसारपसार, सञ्चय, बिक्री-वितरण र प्रयोग गर्न पाइनेछ भन्ने व्यवस्था रहेको छ। ऐनमा व्यवस्थित उपरोक्त प्रावधान सापेक्षित नभई राज्यले त्यस्तो क्षेत्रमा प्राकृतिक रूपमा आफैं उम्रने गाँजालाई व्यवस्थित गर्न आवश्यक

ठानेका अवस्थामा रिट निवेदकले उल्लेख गरेझैं आवश्यक नियम बनाउन सक्नेछ। लागू औषधसम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, लागू औषध बिक्री वितरण, ओसारपसार र दुरुपयोग नियन्त्रण, औषधी तयार गर्न चाहिने लागू पदार्थ झिकाउन र प्रयोग गर्न अनुमति दिने लगायतका कार्यहरू भइरहेको छ। लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले गाँजालाई लागू औषधको रूपमा परिभाषासमेत गरेकोले यसको सेवनले व्यक्तिमा गम्भीर स्वास्थ्य समस्याहरू बढ्दै गइरहेको छ भने अर्कोतर्फ परिवार, समाज र राष्ट्रकै सामाजिक, आर्थिक पक्षमासमेत नकारात्मक परिणामहरू सिर्जना गर्न सक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी गृह मन्त्रालयको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

१३. यस विभागबाट कानून प्रतिकूल कामकारबाही नभएकोले साथै विभागको कुनै काम कारबाहीले यी निवेदकको नेपालको संविधान तथा कानूनप्रदत्त हकमा आघात पुगेको छैन। तसर्थ, मागबमोजिम उत्प्रेषण तथा परमादेश जारी गर्नुपर्ने तथा हुन सक्ने कानूनी एवम् तथ्यगत अवस्था विद्यमान छैन। प्रस्तुत निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकुको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

१४. नेपालमा गाँजाको प्रयोग परापूर्व कालदेखि नै भएको तथ्यमा दुई मत छैन। गाँजाको औषधीजन्य प्रयोगका साथै यसको आर्थिक लाभलाई समेत निकै महत्त्व दिइन्थ्यो। गाँजाको पात, डाँठ र बोक्रालगायत विभिन्न भागको प्रयोग हुने गरेको छ। यद्यपि गाँजाको कुलत तथा यसको दुरुपयोग हुँदा यसले पार्ने नकारात्मक असरलाई नियन्त्रण गर्ने सन्दर्भमा नेपाल Single Convention on Narcotic Drugs, १९६१ को पक्ष राष्ट्र भएको र सोही सन्धि कार्यान्वयनको क्रममा लागू औषध (नियन्त्रण) ऐन, २०३३ (यसपछि "ऐन" भनिएको) निर्माण भई जारी भएको छ। उक्त ऐन सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतमा नियन्त्रण गर्न लागू भएको हो। ऐ. ऐनको दफा ३ को (क) मा "लागू औषध" परिभाषित गरिएको छ। गाँजाको प्रयोग औषधी बनाउनका लागिसमेत हुने हुँदा ऐनको दफा ३ को खण्ड (ग) मा "औषधोपयोगी गाँजा" भन्नाले गाँजाको निस्सार र निष्कर्ष सम्झनुपर्ने भनी परिभाषित गरिएको छ। उक्त परिभाषाबाट

विधायिकाले नै गाँजालाई औषधीको रूपमा समेत प्रयोग गर्न सकिने भनी गाँजालाई औषधोपयोगी रूपमा कानूनी मान्यता दिएको देखिन्छ।

त्यसैगरी, ऐनको दफा ५ मा औषधोपचारको निमित्त स्वीकृत चिकित्सकको सिफारिसमा कुनै व्यक्तिले अनुमतिपत्र प्राप्त पसलबाट सिफारिस बमोजिमको मात्रामा लागू औषध खरिद गरी सेवन गर्न र तोकिएको वर्गका व्यक्तिले तोकिएको मात्रामा लागू औषध सेवन गर्न निषेध भएको नमानिने व्यवस्था रहेको, दफा ५क. मा चिकित्सकको सिफारिसमा अनुमतिपत्र प्राप्त पसलले लागू औषध बिक्री गर्न सक्ने र दफा ६ मा नेपाल सरकारको पूर्ण निर्देशन र नियन्त्रणमा रही नेपाल सरकारको तर्फबाट कुनै संस्थाले औषधी वा वैज्ञानिक अनुसन्धानको प्रयोजनको लागि कुनै लागू औषधको खेती, उत्पादन, निकासी पैठारी वा बिक्री गर्न सकिने व्यवस्था रहेको छ भने ऐनको दफा ११ग. मा यस ऐनबमोजिम जफत वा कब्जा गरिएको लागू औषधमध्ये गाँजा र अफिम नेपाल सरकारले उपयुक्त देखेमा औषधी बनाउने प्रयोजनको लागि कुनै औषधी बनाउने निकायलाई आवश्यक परिमाणमा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था हेर्दा नेपाल सरकारले गाँजालाई अन्य लागू औषधभन्दा पृथक तथा उपयोगी वस्तुको रूपमा लिएको देखिन्छ। नेपालमा कुनै बेला गाँजाको खेती गर्न, सेवन तथा बिक्री वितरण गर्न कानूनी प्रतिबन्ध नभएको तर यस विषयमा नियन्त्रण गर्न आवश्यक रहेको देखिएको हुँदा ऐनद्वारा गाँजाको खुला रूपमा हुने गरेको खेती, उत्पादन, निर्माण, खरिद बिक्री लगायतका कार्यलाई नियन्त्रण गरिएको अवस्थामा पुनः गाँजा खेतीलाई अनुमति दिनुपर्छ भनी कानून निर्माण गर्नको लागि यथेष्ट अध्ययन आवश्यक रहेको छ। यस सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठान तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट समेत अध्ययन भइरहेको देखिएको र अध्ययनबाट प्राप्त प्रतिवेदनका आधारमा के कस्तो कानून निर्माण गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय हुने नै हुँदा तत्कालै ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) बमोजिम नियम बनाउनु भनी विपक्षीहरूले लिनुभएको जिकिर तर्कसङ्गत नरहेको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखित जवाफ।

१५. नेपालमा गाँजाको पात, डाँठ, बोक्रा लगायत विभिन्न भागको हालसम्म पनि छुट्टाछुट्टै काममा प्रयोग हुने गरेको छ। यद्यपि गाँजाको दुरुपयोग हुँदा यसले पार्ने नकारात्मक असरलाई

नियन्त्रण गर्न नेपाल Single Convention on Narcotic Drugs, 1961 को पक्ष राष्ट्र भएको छ। सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतमा नियन्त्रण गर्न लागू औषध (नियन्त्रण) ऐन, २०३३ लागू भएको छ।

गाँजाको प्रयोग औषधी बनाउनका लागिसमेत हुने हुँदा ऐनको दफा २ को खण्ड (ग) मा "औषधोपयोगी गाँजा" भन्नाले गाँजाको निस्सार र निष्कर्ष सम्झनुपर्ने भनी परिभाषित गरिएको छ। उक्त ऐनले गाँजालाई लागू औषध भने तापनि यस परिभाषाबाट विधायिकाले नै गाँजालाई औषधीको रूपमा समेत प्रयोग गर्न सकिने भनी औषधोपयोगी गाँजालाई कानूनी मान्यता दिएको देखिन्छ। ऐनको दफा ५ मा औषधोपचारको निमित्त स्वीकृत चिकित्सकको सिफारिसमा कुनै व्यक्तिले अनुमतिपत्र प्राप्त पसलबाट सिफारिस बमोजिमको मात्रामा लागू औषध खरिद गरी सेवन गर्न र तोकिएको वर्गका व्यक्तिले तोकिएको मात्रामा लागू औषध सेवन गर्न निषेध भएको नमानिने व्यवस्था रहेको, दफा ५क. मा चिकित्सकको सिफारिसमा अनुमतिपत्र प्राप्त पसलले लागू औषध बिक्री गर्न सक्ने र दफा ६ मा नेपाल सरकारको पूर्ण निर्देशन र नियन्त्रणमा रही नेपाल सरकारको तर्फबाट कुनै संस्थाले औषधी वा वैज्ञानिक अनुसन्धानको प्रयोजनको लागि कुनै लागू औषधको खेती, उत्पादन, निकासी पैठारी वा बिक्री गर्न सकिने व्यवस्था रहेको छ भने ऐनको दफा ११ग. मा यस ऐनबमोजिम जफत वा कब्जा गरिएको लागू औषधमध्ये गाँजा र अफिम नेपाल सरकारले उपयुक्त देखेमा औषधी बनाउने प्रयोजनको लागि कुनै औषधी बनाउने निकायलाई आवश्यक परिमाणमा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था हेर्दा नेपाल सरकारले गाँजालाई अन्य लागू औषधभन्दा पृथक तथा उपयोगी वस्तुको रूपमा लिएको देखिन्छ।

नेपालमा कुनै बेला गाँजाको खेती गर्न, सेवन तथा बिक्री वितरण गर्न कानूनी प्रतिबन्ध नभएको तर यस विषयमा नियन्त्रण गर्न आवश्यक रहेको देखिएको हुँदा ऐनद्वारा गाँजाको खुला रूपमा हुने गरेको खेती, उत्पादन, निर्माण, खरिद बिक्री लगायतका कार्यलाई नियन्त्रण गरिएको अवस्थामा पुनः गाँजा खेतीलाई अनुमति दिनुपर्छ भनी कानून निर्माण गर्नको लागि यथेष्ट अध्ययन आवश्यक रहेको छ। यस सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठान तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट समेत अध्ययन भइरहेको देखिएको र अध्ययनबाट प्राप्त प्रतिवेदनका आधारमा के, कस्तो कानून निर्माण गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय हुने नै

हुँदा तत्कालै ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) बमोजिम नियम बनाउनु भनी विपक्षीहरूले लिनुभएको जिकिर तर्कसङ्गत नरहेको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

१६. लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले लागू औषध साथमा राख्न नहुने, सञ्चय गर्न नहुने, कारोबार गर्न नहुने, बिक्री व्यवहार गर्न नहुने, आयात निर्यात गर्न नहुने, वितरण गर्न नहुने, सेवन गर्न र ओसारपसारसम्मका सम्पूर्ण कारोबारलाई प्रतिबन्ध लगाई अपराधको रूपमा परिभाषित गरेको देखिन्छ। ऐनको परिभाषा खण्डअन्तर्गत गाँजा र औषधोपयोगी गाँजालाई लागू औषधअन्तर्गत नै राखेको छ। ऐनको दफा ४ मा कुनै पनि व्यक्तिले गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्ने कार्य गर्नुहुँदैन भनी निषेध गरेको छ भने सोही दफाको प्रतिबन्धात्मक वाक्यांशमा नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफैं उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेस उत्पादन गर्न, त्यस्तो चरेस सङ्ग्रह गर्न, राख्ने र खरिद बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई व्यवस्था गर्न सक्नेछ र सोअनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस दफाअन्तर्गत अपराध गरेको मानिने छैन भन्ने व्यवस्था रहेको छ। ऐनको उक्त व्यवस्थाले गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेस उत्पादन गर्ने कार्यका लागि नेपालको सबै भूभागमा नपाउने गरी केही सीमित पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफैं उम्रने जङ्गली गाँजाको बोटबाट मात्र चरेस उत्पादन गर्न पाउने गरी सीमा तोकी दिई विधायिकाले नै गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्ने कार्यलाई सीमित पारिदिएको देखिन्छ।

नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिहरू तथा नेपाल कानूनले गाँजालाई लागू औषधअन्तर्गत राखेको र लागू औषधको उत्पादन, निर्माण, खरिदबिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी जस्ता विषयहरू एउटा देशको मात्र समस्याका रूपमा नभै विश्वव्यापी चुनौतीका रूपमा रहेकोले प्रभावकारी कानूनको निर्माण र कार्यान्वयन सापेक्षित विषय हो। गाँजाको खेती, उत्पादन, निर्माण, खरिद बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारीसम्बन्धी विषय एक देशको मात्र नभई विश्वव्यापी सरोकार र चासोको विषयसमेत रहेकोले यस सम्बन्धमा कानून निर्माण गर्दा पनि व्यापक छलफल गहन अध्ययन

र अनुसन्धानको आवश्यकता पर्ने र यसतर्फ नेपाल सरकारले आवश्यक कार्यहरू गर्दै नै आएको हुँदा अदालतबाट थप कुनै आदेश जारी गरी रहनुपर्ने विषय होइन।

जहाँसम्म कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले ऐनबमोजिम प्रत्यायोजित विधायन बमोजिमको आवश्यक कानून निर्माणतर्फ कुनै पहल कदमी नलिएको भन्ने विषय छ। मुलुकमा के कस्तो नयाँ कानून बनाउने वा भइरहेको कानूनमा के कस्तो संशोधन वा परिमार्जन गर्ने भन्ने विषय विधायिकी बुद्धिमत्ता तथा क्षेत्राधिकारको विषय पनि हो। लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको व्यवस्था तत्कालीन अवस्थामा रहेको आवश्यकताको आधारमा केही समयको लागि नेपाल सरकारले व्यवस्थापन गर्न सक्ने गरी गरिएको विशेष व्यवस्था हो। सो व्यवस्था गर्दा वा नगर्दा कसैको हक अधिकारमा बन्देज लाग्ने अवस्थासमेत रहेको देखिँदैन भने उक्त विषय कसैले अधिकारको रूपमा दाबी गर्ने विषयसमेत होइन। वि.सं २०३३ सालमा बनेको ऐनले केही समयका लागि आवश्यक व्यवस्था गर्न सक्ने गरी गरेको विशेष व्यवस्थालाई सामान्यीकरण गरी बिना आधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको विपक्षी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

१७. रिट निवेदकले यस परिषद्लाई विपक्षी बनाउनु पर्नाको कुनै पनि कारण उल्लेख गर्न सक्नुभएको छैन। नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा ७ मा परिषद्को कार्य सञ्चालनको निमित्त एउटा कार्यकारी समितिको गठनको व्यवस्था रहेको छ। परिषद्को ऐनको दफा ६ मा उल्लिखित परिषद्को काम, कर्तव्य र अधिकारभित्र निवेदकहरूले उठाएको विषयमा निर्णय गर्ने क्षेत्राधिकार रहेको छैन। स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्न चाहने व्यक्ति वा संस्थाले परिषद्को स्वीकृति लिनुपर्नेछ भन्ने ऐनको दफा ११ मा रहेको छ। निवेदकले निवेदनमा उठाएको विषयमा यस परिषद्मा कुनै निवेदन दिनुभएको छैन। निवेदकले उठाएको विषय नेपाल सरकारले गर्ने राष्ट्रिय नीति निर्देशनभित्र पर्ने भएकोले परिषद्को हकमा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को तर्फबाट यस अदालतमा पेस हुन आएको लिखितजवाफ।

यस अदालतको आदेश

१८. नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरी निवेदक

अधिवक्ता र विपक्षीहरूका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहससमेत सुनियो।

१९. यसमा, रिट निवेदकहरूले नेपाल पक्ष राष्ट्र रहेको Single Convention on Narcotic Drugs, 1961 ले गाँजाको अनुसन्धान तथा नियन्त्रित उत्पादन र प्रयोगलाई पूर्ण रूपमा रोकेको छैन। राष्ट्रसंघीय लागू औषधसम्बन्धी आयोगले गाँजालाई खतरनाक लागू औषधीको श्रेणीबाट हटाइसकेको छ। नेपालले समेत सोही पक्षमा मतदान गरेको छ। गाँजा सजिलै उम्रने प्राकृतिक सम्पदा भएको र गाँजाले स्वास्थ्य, उद्योग, पर्यटन जस्ता क्षेत्रमा समृद्धि हासिल गर्ने ठूलो सम्भावना बोकेको र लागूऔषध (नियन्त्रण) ऐन,२०३३ मा समेत नियम बनाई गाँजालाई औषधीय प्रयोग गर्न सकिने व्यवस्था भएकोमा विपक्षी नेपाल सरकारले हालसम्म पनि उक्त ऐनअनुसार बनाउनुपर्ने नियमावली नबनाई नियमनसहित गाँजाको उत्पादन र प्रयोग लगायतका कामकारबाही गर्नबाट आम नागरिक वञ्चित भएकाले गाँजाको नियन्त्रित उत्पादन र प्रयोग गर्न सक्ने गरी नियमावली तथा अन्य आवश्यक कानूनी संयन्त्र निर्माण गर्नु भनी परमादेश लगायतको आदेश जारी गरिपाऊँ भन्नेसमेत बेहोराको रिट निवेदन देखिन्छ।

२०. विपक्षीहरूको लिखित जवाफ हेर्दा, संयुक्त राष्ट्र संघद्वारा पारित Single Convention on Narcotic Drugs, 1961 ले गाँजालाई लागू औषध मानेर प्रतिबन्ध लगाएको छ। नेपालले सन् १९७६ मा उक्त अभिसन्धिमा हस्ताक्षर गरेपछि लागू औषधको दुरुपयोग नियन्त्रणका लागि लागू औषध (नियन्त्रण) ऐन, २०३३ कार्यान्वयनमा ल्याएको हो। उक्त ऐनले गाँजाको उत्पादन, बिक्री वितरण, सञ्चय, ओसारपसार र सेवनलाई प्रतिबन्ध लगाएको छ। कस्तो कानून बनाउने भन्ने विषय विधायिकी विवेकको विषय हो। गाँजाबाट लाभ लिनका लागि आवश्यक कानून निर्माणबारे नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट अध्ययन भइरहेको हुँदा अध्ययन प्रतिवेदन प्राप्त भएपछि सोका आधारमा नेपाल सरकारले उपयुक्त निर्णय गर्ने नै हुँदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ भन्ने जिकिर लिएको देखिन्छ।

२१. उल्लिखित बेहोराको निवेदन दाबी र लिखित जवाफ जिकिर भएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ता तथा प्रत्यर्थी निकायका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको तर्कपूर्ण बहस जिकिरसमेत सुनी देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखिन आयोः-

१. गाँजा के कस्तो प्रकृतिको लागू औषध हो?

२. प्रचलित नेपाल कानूनमा गाँजालाई निषेध गर्नेसम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेको छ र लागू औषध (नियन्त्रण) ऐन,२०३३ अन्तर्गत लागू औषध गाँजाको नियन्त्रित खेती, उत्पादन, सेवन र बिक्री वितरण लगायतका कारोबार हुन सक्ने अवस्था छ वा छैन?

३. लागू औषध गाँजालाई नियमन र नियन्त्रण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनमा के कस्तो व्यवस्था रहेको छ र यससम्बन्धी तुलनात्मक अभ्यास के छ?

४. निवेदन मागबमोजिमको कुनै आदेश जारी हुनु पर्ने अवस्था छ वा छैन?

२२. अब, पहिलो अर्थात् **गाँजा के कस्तो प्रकृतिको लागू औषध हो** भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको **"नेपालमा गाँजा खेतीको वैधानिकीकरणः सम्भावना र चुनौती"** नामक अध्ययन प्रतिवेदन[1] ले गाँजालाई यसरी परिभाषित गरेको छः-

गाँजा (marijuana or marihuana), क्यानावेसी (cannabaceae), परिवारभित्रपर्ने फूल फुल्ने वनस्पति समूहको एक जात (genus) हो। प्रयोग र रासायनिक तत्त्वको मात्राका आधारमा यस वनस्पतिलाई "हेम्प" या "औद्योगिक हेम्प" विजया तथा क्यानाविस पनि भन्ने गरिन्छ। गाँजाको वैज्ञानिक नाम "क्यानाबिस सटिभा लिन्" (Cannabis sativa Linn) हो। यस प्रजातिमा विभिन्न रासायनिक तत्त्वहरू (Cannabinoids) पाइन्छन् तर यो टिएचसी (THC or Δ9-tetrahydrocannabinol) र सीबीडी (CBD or cannabinoids) का लागि बढी प्रख्यात छ।

२३. गाँजा प्राकृतिक रूपमा उम्रने वनस्पति हो। यो कृत्रिम रसायनयुक्त पदार्थ होइन। लागू औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ३(ख) ले गाँजा भन्नाले निम्नलिखित पदार्थलाई सम्झनुपर्दछ भनी गाँजाको परिभाषा गरेको देखिन्छ।

(१) भाँग र सिद्धसमेत गाँजा मूलको जुनसुकै बोटको पात र फूल,

(२) चरेस तथा गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा र चोब,

(३) माथि उल्लेख गरिएकोमध्ये कुनै पदार्थ भएको सार, निस्सार, निष्कर्ष, मिश्रण तथा पेय।

२४. लागू औषध (नियन्त्रण) ऐन,२०३३ को उल्लिखित परिभाषा Single Convention on

[1] नेपालमा गाँजा खेतीको वैधानिकीकरणः सम्भावना र चुनौती अध्ययन प्रतिवेदन, नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, काठमाडौं,२०८२ पृ. १

Narcotic Drugs, 1961 को Article 1(1) (b), (c) र (d) मा गरिएको Cannabis को परिभाषामा आधारित भएको देखिन्छ। उक्त Convention ले Cannabis लाई गाँजा भाङको बोटबाट प्राप्त लिस्सा वा चोब सहितको फूल वा दाना सहितको भाग[२] भनी परिभाषित गरेको देखिन्छ। सो परिभाषाबाट पनि गाँजा Cannabaceae जातको एक विशेष गुणयुक्त प्राकृतिक वनस्पति भन्ने देखिन आउँछ। यसलाई नेपाली बृहत शब्दकोशले[३] *"एउटै भेट्नुमा चार-पाँचवटा लामालामा पात लाग्ने, खैरो रङको झुरुप्प फूल फुल्ने, सिलामका जस्तै दाना फल्ने र मात लाग्ने एक झार; त्यसैको फल-पात सबै पिँधेर सर्बतमा हाली नशाका रूपमा प्रयोग गरिने, चरेस बनाउन छिप्प्याएर चोप भेला गरिने र सुर्ती वा कक्कडमा मिसाएर चिलिम, सुल्फा आदिबाट धुवाँ खाइने वस्तु; शिवबुटी; भाङ"* भनी गाँजाको स्वरूप, प्रकृति र यसको प्रयोग आदि झल्किने गरी अर्थ गरेको देखिन्छ।

२५. गाँजाका सम्बन्धमा गरिएको अध्ययन अनुसन्धानले यसको औषधीय परम्पराको लामो इतिहास देखाएको पाइन्छ। नीति अनुसन्धान प्रतिष्ठानको पूर्वश्रुत अध्ययन प्रतिवेदनका अनुसार गाँजाको प्रयोग ४७०० इसापूर्व देखि चीनबाट सुरु भएको हो।[४] भारत, पाकिस्तान, पर्सिया, इजिप्ट, ग्रिस र रोमका ऐतिहासिक लेखहरूमा पनि गाँजाको औषधीय प्रयोजनको बर्णन भेटिन्छ[५]। Clarke C Robert ले गाँजा खेतीका सम्बन्धमा दार्चुला जिल्लामा गरेको एक अध्ययनका आधारमा सन् २००७ मा प्रकाशित एक अध्ययन प्रतिवेदनमा गाँजा र मानव जीवनको अन्योन्याश्रित सम्बन्ध शताब्दीयौं अगाडि नै रहेको दाबी गरेको देखिन्छ[६]। यस अतिरिक्त सबै सभ्यताहरूमा गाँजाको मनोविनोदीय प्रयोगको हजारौं वर्षको इतिहास रहेको समेत अध्येताहरूको दाबी रहेको देखिन्छ[७]।

---

[२] Single Convention on Narcotic Drugs, 1961, Article 1(i)
(b) "**Cannabis**" means the flowering or fruiting tops of the cannabis plant (excluding the seeds and leaves when not accompanied by the tops) from which the resin has not been extracted, by whatever name they may be designated.
c) "**Cannabis plant**" means any plant of the genus Cannabis,
d) "**Cannabis resin**" means the separated resin, whether crude or purified, obtained from the cannabis plant. available at: *https://www.unodc.org/pdf/convention_1961_en.pdf*

[३] नेपाली बृहत शब्दकोश, नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं, पृ ३१०

[४] M. Balant *et.al.*, **Traditional uses of Cannabis: An analysis of the CANNUSE database**. *Journal of Ethnopharmacology*, 279, 114362, available at: *https://doi.or/10.1016/j.jep.2021.114362*

[५] M. Balant *et.al.*, **A database of traditional Cannabis uses-an opportunity for new research.** *CANNUSE Database*, 2021, available at: *https://doi.org/10.1016/j.jep.2021.114362*

[६] Clarke C. Robert, **Traditional cannabis cultivation in Darchula district, Nepal-seed, resin and testiles,** *Journal of Industrial Hemp*, 2007, 12:2, 19-42, DOI: 10.1300/J237v12n02_3 op cit 1.

[७] P Karki and M. Rangaswamy; **A review of historical context and current research on cannabis use in India**, (2023) *Indian Journal oof Psycholigical Medicine*. *https://journals.sagepub.com/doi/10.1177/02537176221109272*

२६. परम्परागत उपचार विधिमा गाँजाको प्रयोगका सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पूर्वोक्त अध्ययन प्रतिवेदनले[८] आयुर्वेदिक चिकित्सामा गाँजाका यौगिकहरू अपच, बाथ, आन्द्रा सुन्निने, पखाला तथा दूषित भोजन (फुड पोइजनिङ) जस्ता रोगहरूको उपचारमा प्रयोग गरिने सन्दर्भहरू उल्लेख गरेको पाइन्छ। खास गरी आयुर्वेद र पूर्वीय स्वास्थ्य विज्ञानमा गाँजाको निश्चित मात्रामा प्रयोगले पीडा कम गर्ने, निद्रा सुधार गर्ने, पाचनशक्ति बढाउने तथा केही स्नायुजन्य रोगहरूको उपचारमा औषधीको रूपमा काम गर्ने वनस्पतिको रूपमा स्वीकार गरिएको देखिन्छ[९]। "सुस्रुता", "धुर्तासमगामा" तथा "भावप्रकाश" जस्ता किंताबहरूमा गाँजालाई स्मरण शक्ति बढाउने तथा पाचनशक्ति बढाउन मदत गर्ने वनस्पतिको रूपमा उल्लेख गरिएको सन्दर्भ पाइन्छ। यसैगरी, बुद्ध दर्शनमा पनि भगवान् बुद्धले आफ्ना अनुयायी पिलिन्दवच्छ भन्ने भिक्षुको अङ्गभत् (Rheumatic/Wind disorders) रोगको उपचारमा अन्य विधिले राम्रो नभएमा भाँगको तेल प्रयोग गर्न भन्नुभएको सन्दर्भ विनय पिटकमा उल्लेख भएको पाइन्छ।[१०]

२७. यी सन्दर्भ सामग्रीले गाँजा पूर्वीय तथा पश्चिमी दुबै समाज र सभ्यतासँग अविच्छिन्न रूपमा गाँसिएर रहेको संरक्षित वनस्पतिका रूपमा रहेको सङ्केत गर्दछ।

२८. लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले गाँजाको औषधीय प्रयोगलाई स्वीकार गरेको देखिन्छ। सो ऐनको दफा ३(क) ले "लागू औषध" को परिभाषामा "गाँजा" र "औषधोपयोगी गाँजा" दुबैलाई समेटेको पाइन्छ। ऐनको दफा ३(ग) ले गाँजाको निस्सार वा निष्कर्षलाई "औषधोपयोगी गाँजा" को रूपमा परिभाषा गरेको देखिन्छ। यसबाट लागू औषध (नियन्त्रण) ऐन,२०३३ ले गाँजालाई निषेधित लागू औषधका रूपमा परिभाषित गरेको भए तापनि यसको औषधीय प्रयोगलाई इन्कार गरेको देखिएन। सो ऐनको दफा ११ग. ले सो ऐनअन्तर्गत जफत गरिएको गाँजा नेपाल सरकारले औषधी बनाउने प्रयोजनका लागि कुनै औषधी बनाउने निकायलाई उपलब्ध गराउन सक्ने व्यवस्था गरेबाट पनि उक्त ऐनले गाँजाको औषधीय स्वरूप वा प्रयोगलाई आत्मसात गरेको सम्पुष्टि हुन्छ। साथै लागू औषध (नियन्त्रण) ऐन,२०३३ को मूल स्रोत मानिएको Single Convention on Narcotic Drugs, 1961 ले पनि गाँजाको औषधीय प्रयोगलाई निषेध नगरेको सन्दर्भमा गाँजाको औषधीय प्रयोगलाई अन्तर्राष्ट्रिय

---

[८] पूर्वपाद टिप्पणी, १

[९] I. C. Chopra, R. N. Chopra, **The Use of the Cannabis Drugs in India**, *Bulletin on Narcotics*, 9(1) : 4-29, 1957

[१०] **Mahavagga,** Contents VI, *Bhesajjakkhandhuko,* available at: https://Dhammatalks.org/Vinaya/MV/MVVI.utml?utmsour

कानूनले समेत स्वीकार गरेको तथ्य स्थापित हुन आउँछ।

२९. तर यस सम्बन्धमा गरिएका अध्ययन अनुसन्धानले गाँजाको उपयोगितालाई केवल औषधीय प्रयोगमा मात्र सीमित नगरी यसको बहुउपयोगिताका प्रमाणहरूसमेत प्रस्तुत गरेको पाइन्छ। नेपालमा गाँजा खेतीको वैधानिकीकरणका सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले अनुसन्धान गरी प्रकाशित गरेको पूर्वउल्लिखित प्रतिवेदनमा पनि गाँजालाई केवल औषधीय प्रयोगमा मात्र सीमित नराखी यसलाई बहुउपयोगी वनस्पतिका रूपमा चित्रण गरेको पाइन्छ।[११] उक्त प्रतिवेदनअनुसार गाँजा खेती गरी किसानले यसको पात र फूलबाट गाँजा, चरेस र भाँगो प्राप्त गर्दछन्। भाँङ (दाना) लाई खाद्य पदार्थका रूपमा प्रयोग गरिन्छ। गाँजा, गाई तथा भैंसी आदि घर पालुवा जनावरको स्वास्थ्योपचारमा समेत प्रयोग हुन्छ। उक्त प्रतिवेदनले अन्य सामग्रीको तुलनामा गाँजाको बोटबाट प्राप्त हुने रेशा अत्यन्त बलियो हुने भएकाले औद्योगिक उत्पादनका लागि यसको विशेष महत्त्व रहेको हुन्छ। उक्त प्रतिवेदनका अनुसार नेपालमा उत्पादन हुने गाँजा उच्च गुणस्तरको हुने भएकाले यहाँको गाँजा विश्वभर प्रख्यात रहेको छ।

३०. Business 360° नामक अनलाइन आर्थिक पत्रिकाको १६ अगस्ट २०२४ को संस्करणले गाँजाको घरेलु, व्यावसायिक, औषधीय तथा औद्योगिक उत्पादनमा हुने उपयोगका सम्बन्धमा विस्तृत आलेख प्रकाशित गरेको देखिन्छ।[१२] उक्त आलेखअनुसार गाँजाको जरा औषधीय प्रयोजनका लागि, यसको बोक्रा नाम्लो, दाम्लो, डोरी, धागो आदि बनाउनका लागि, पात गाई वस्तुको सोतर बनाउन, फूल सौन्दर्य प्रसाधन तेल तथा मनोद्विपक पदार्थ उत्पादनका लागि र बिउ खाजा तथा तेल आदि उत्पादनका लागि प्रयोग हुने गरेको पाइन्छ। गाँजाको बोटबाट निस्कने रेशालाई अल्लोसँग मिसाउँदा उच्च गुणस्तरको कपडा तैयारीका लागि कच्चा पदार्थ बन्न सक्छ। यस अतिरिक्त, यसबाट उच्च गुणस्तरका कोटका कपडा, मिहिन कपडा, टिसर्ट, ज्याकेट तथा अन्य जाडोको कपडा र कार्पेट, टेबल म्याट, पर्स, झोला, जुत्ता र मोजा लगायतका सामग्रीहरू बनाउन सकिन्छ। उक्त आलेखअनुसार गाँजाको रेशामा High cellulose content पाइने भएकाले यसबाट बनेको पल्प-उड पेपर अन्य सामग्रीबाट बनेको कागजभन्दा उच्च गुणस्तरको हुने र यसलाई अन्य कागजको तुलनामा ७-८ पटक

---

[११] पूर्वपाद टिप्पणी, १

[१२] **Legalization Of Marijuana, Nepal Contemplates Pros & Cons**, available at: *https://www.b360nepal.com/detail/23209/legalization-of-marijuana-nepal-contemplates-pros-cons-2024-Aug-16-801900*

Recycle गरी पुनः प्रयोग गर्न सकिन्छ। संयुक्त राज्य अमेरिकामा गरिएको एक अध्ययनअनुसार २.५ एकड जमिनमा २० वर्ष गाँजा खेती गरी सोबाट उत्पादित कागज सोही जमिनमा त्यति नै समयमा अन्य रूख बिरुवा उत्पादन गर्न सकिने कागजभन्दा १० गुणा बढी हुन्छ।[१३] यसबाट गाँजाको रेशाबाट कागजको औद्योगिक उत्पादनको सम्भाव्यता अत्यधिक रहेको देखिन्छ।

३१. यसैगरी, नीति अनुसन्धान प्रतिष्ठानको अनुसन्धानअनुसार नेपालमा हेम्प फाइबरसँग सम्बन्धित करिब २६१ वटा साना, मझौला र कुटिर उद्योगहरू छन्। उक्त फाइबरमध्ये करिब ६०% कार्पेट कारखानाहरूले, १५% कपडा उद्योगहरूले र २५% कुटिर उद्योगहरूले प्रयोग गर्दछन्। नेपालमा वार्षिक २८ लाख केजी फाइबर उत्पादन गर्ने क्षमता भए पनि हाल ३८.४% मात्र यसको प्रयोग भएको छ।[१४] यसबाट गाँजा खाद्य बाली, औषधीय प्रयोजन, मनोरञ्जन पर्यटन, रेशा उत्पादन र रेशामा आधारित औद्योगिक उत्पादन लगायतका विविध आर्थिक सामाजिक क्षेत्रमा प्रयोग गर्न सकिने सम्भावना रहेको वनस्पति भन्ने देखिन आउँछ।

३२. यस अतिरिक्त हिन्दू दर्शनमा गाँजालाई धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक महत्त्वको पदार्थका रूपमासमेत लिने गरेको पाइन्छ। विशेषगरी हिन्दू धर्मावलम्बीले गाँजालाई भगवान शिवसँग सम्बन्धित पवित्र वनस्पतिको रूपमा लिने र शिव भक्तहरूले शिवरात्रि लगायतका विशेष पर्वमा गाँजा र भाङ्ग आदिलाई शिवबुटी वा शिवजीको प्रसादका रूपमा ग्रहण गर्ने, साधु सन्यासीहरूले ध्यान, तपस्या र वैराग्यको अभ्यासमा प्रयोग गर्ने तथा शिवरात्रि एवम् होली आदि पर्वको उत्सवमा गाँजा भाङ वा यसबाट बनेका खाद्य वा पेय पदार्थको प्रयोग गर्ने गरेको विभिन्न सन्दर्भहरू समेत पाइन्छ।[१५] यसबाट गाँजाको प्रयोग औषधीय वा गैरऔषधीय प्रयोजनका लागि हजारौं वर्ष पहिलेदेखि भएको तथ्य स्थापित हुन आउँछ।

३३. यस प्रकार, माथि उल्लिखित अध्ययन अनुसन्धानले गाँजाको औषधीय प्रयोग, साँस्कृतिक महत्त्व र औद्योगिक तथा व्यावसायिक सम्भाव्यतालाई उजागर गरेको भए तापनि यसले गाँजाको अनियन्त्रित प्रयोगलाई प्रोत्साहित गरेको वा बढावा दिएको भनी निष्कर्षमा पुग्नु उचित हुने देखिंदैन। यस सम्बन्धमा गरिएका विभिन्न अध्ययन अनुसन्धानहरूले यसको

---

[१३] Ibid.

[१४] पूर्वपाद टिप्पणी, १

[१५] Indian Hemp Drugs Commission, **Report of the Indian Hemp Drugs Commission**, 1893-94 at 160 (Government Central Printing Office, India, 1894

अनियन्त्रित प्रयोगबाट उत्पन्न हुन सक्ने व्यक्तिगत स्वास्थ्य समस्या तथा लागू औषधको कूलतबाट उत्पन्न हुन सक्ने आर्थिक र सामाजिक समस्या तथा नैतिक मूल्यमान्यतालाई स्खलित गराउन सक्ने सम्भावित परिणामप्रति सचेत गराएकोतर्फ किञ्चित् ध्यान दिन आवश्यक देखिन्छ।

३४. यस सम्बन्धमा विश्व स्वास्थ्य संगठन (World Health Organization, WHO) को १९९७ को Cannabis: A Health Perspective and Research Agenda नामक प्रतिवेदनले[१६] गाँजा सेवनले तत्काल स्मरण शक्तिमा असर गर्ने, सिकाई शक्ति र एकाग्रतामा ह्रास ल्याउने र स्नायु क्षमता (Psychomotor) प्रभावित गर्ने एवम् गाँजा सेवन गरी सवारी चलाउँदा दुर्घटना निम्त्याउन सक्ने खतरा देखाएको छ भने दीर्घकालीन प्रयोग (Chronic Use) ले संज्ञानात्मक ह्रास (Cognitive Impairment), गाँजाको अम्मली बन्ने (Cannabis Dependence) जोखिम, Schizophrenia भएका व्यक्तिको लक्षण बढ्न सक्ने तथा घुम्रपानका कारण श्वासप्रश्वास प्रणालीमा जलन, सुजन तथा ब्रोन्काइटिस हुन सक्ने, फोक्सोको प्रतिरोधात्मक क्षमतामा असर पर्ने र गर्भवती आमाले यसको प्रयोग गरेमा भ्रूणको विकास र शिशुको तौलमा प्रतिकूल प्रभाव पर्ने भनी सचेत गराएको देखिन्छ।[१७]

३५. यस्तै CANNIBIS: SCIENTIFIC and SOCIETAL RELEVENCE नामक गाँजाको सामाजिक तथा वैज्ञानिक आयामको विश्लेषण गरिएको एक पुस्तकमा Manimugdha Medhi ले Social Impact of Cannibis परिच्छेदमा गाँजाको प्रयोगको सामाजिक/मनोसामाजिक असर बारे चर्चा गर्दै लामो समयसम्म गाँजाको अत्यधिक प्रयोगले सामान्य वा मध्यमस्तरको Euphoria गराउने, मानसिक विक्षिप्तता वा Depression ल्याउने, समयप्रतिको स्वाभाविक सजगता खलबलिने (time perception alteration), अस्थायी रूपमा चित्त भ्रान्ति हुने वा दिग्भ्रमित बन्ने (Hallucinations and Paranoia), स्मरण शक्ति र संज्ञानात्मक क्षमतामा ह्रास ल्याउने (memory disruption and impaired cognitive functioning), स्नायु सञ्चार प्रणालीमा असर गर्ने (Impaired Motor control and impaired reaction of time) जस्ता स्वास्थ्य एवम्

---

[१६] The Reports has prepared concerning canibas use, its health consequences, pharmacology, therapeutic potencial and priorities for future research expert metting concerned on 1993 considered by expert working group and reviewed by 100 external experts and WHO collaborating institation. available at: https://iris.who.int/server/api/core/bitstreams/04859a9a-8670-4edb-99bd-df82dfbe179c/content

[१७] पूर्वपाद टिप्पणी, १

मनोसामाजिक असरहरूको चर्चा गरेको पाइन्छ।[१८]

३६. यसैगरी Mark Chandy समेतका व्यक्तिहरूले गाँजाले मानव स्वास्थ्यमा पार्न सक्ने असरका सम्बन्धमा गरेको अर्को एक अध्ययनले विशेषतः हृदय तथा रक्तनलीसम्बन्धी समस्या, मानसिक तथा स्नायुसम्बन्धी विकार, श्वासप्रश्वास तथा पाचन प्रणालीमा प्रतिकूल असर, प्रजनन स्वास्थ्यमा नकारात्मक प्रभाव तथा क्यानाबिस प्रयोग विकार (Cannabis Use Disorder) को जोखिम हुन सक्ने विषयलाई उल्लेख गरेको देखिन्छ[१९] भने नीति अनुसन्धान प्रतिष्ठानको उल्लिखित प्रतिवेदनले अनियन्त्रित गाँजा सेवनले किशोर किशोरीहरूमा मद्यपान तथा घातक लागू औषध सेवनको जोखिम बढाउने, यसबाट उनीहरूको मनोवैज्ञानिक विकासमा असर गर्ने, समाजमा असहिष्णु र हिंस्रक व्यवहार देखिने एवम् लागू औषधको अवैध कारोबारको जोखिम बढ्न सक्ने लगायतका सम्भावित दुष्परिणाम औंल्याएको देखिन्छ।[२०] यस सम्बन्धमा गरिएका अन्य कैयौं अध्ययन अनुसन्धानले गाँजाको प्रयोगले ल्याउने व्यक्तिगत स्वास्थ्य समस्या तथा सामाजिक विकासका पक्षहरूलाई असर गर्ने तथ्य उजागर गरेको देखिन्छ।

३७. **यसप्रकार, गाँजाको उपयोगिताका बारेमा गरिएको पूर्वोक्त अध्ययन अनुसन्धानहरूले एकातर्फ यसको औषधीय, औद्योगिक र व्यावसायिक प्रयोग लगायतको आर्थिक सम्भाव्यतालाई स्पष्ट रूपमा स्थापित गरेको देखिन्छ भने अर्कातर्फ यसको अनियन्त्रित प्रयोगबाट व्यक्तिगत स्वास्थ्य समस्या उत्पन्न हुनसक्ने तथा लागू औषधको दुर्व्यसनबाट आर्थिक सामाजिक समस्याको उत्पन्न हुने जोखिम पनि टड्कारो रूपमा देखाएको पाइन्छ। नेपालको संबिधानले उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरी तीव्र आर्थिक विकास गर्नुलाई राज्यको आर्थिक उद्देश्यका रूपमा परिभाषित गरेको सन्दर्भमा प्राकृतिक रूपमा उम्रिएको गाँजा वा यसको व्यावसायिक खेती गरी यसलाई आर्थिक विकाससँग आबद्ध गर्नुलाई संविधानको भावना अनुरूप मान्नुपर्ने देखिन्छ भने अर्कातर्फ सार्वजनिक हित, सदाचार र नैतिकताको संवर्धन र सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्नु पनि राज्यको सामाजिक सांस्कृतिक उद्देश्य हुनुपर्ने सन्दर्भमा गाँजाको प्रयोगले दुर्व्यसनको रूप लिएमा यसबाट सिर्जना हुन सक्ने**

---

[१८] Manimugdha Medhi, **Societal Impact of Cannabis**, in *CANNABIS: SCIENTIFIC AND SOCIETAL RELEVANCE*, page 18–23 in Manash Pratim Sarma & Minakshi Bhattacharjee eds., AkiNik Publications, 2020 available at: *https://www.researchgate.net/publication/354495465_Cannabis_SCIENTIFIC_AND_SOCIETAL_RELEVANCE_Cannabis_and_Human*

[१९] Mark Chandy *et al.*, **Adverse Impact of Cannabis on Human Health**, 75 *Ann. Rev. Med.* 353, 353–67 (2024), available at: *https://doi.org/10.1146/annurev-med-052422-020627*

[२०] पूर्वपाद टिप्पणी, १

सामाजिक विकृति, आर्थिक क्षति र नैतिक मूल्य मान्यतामा हुने क्षयीकरणतर्फ पनि सजग र सचेत हुनुपर्ने आवश्यकता देखिन आउँछ। यस स्थितिमा गाँजाबाट अधिकतम औषधीय तथा व्यावसायिक आर्थिक लाभ लिने तर यसको प्रयोगबाट हुन सक्ने हानीका बारेमा सचेत रही सोको न्यूनीकरण गर्ने आवश्यक र पर्याप्त उपाय अवलम्बन गर्नु नै सन्तुलित दृष्टिकोण हुने देखिन्छ।

३८. अब, **प्रचलित नेपाल कानूनमा गाँजालाई निषेध गर्ने सम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेको छ र लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत लागू औषध गाँजाको नियन्त्रित खेती, उत्पादन, सेवन र बिक्री वितरण लगायतका कारोबार हुन सक्ने अवस्था छ वा छैन?** भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा सर्वप्रथम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को व्यवस्था हेर्दौं। उक्त ऐनको प्रस्तावनामा **"सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारीसमेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले"** भन्ने व्यवस्था देखिँदा सो ऐन जारी गर्नुपर्नाको मुख्य उद्देश्य नै सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हितका लागि लागू औषधको सेवन तथा अन्य कारोबार नियन्त्रण गर्नु भन्ने रहेको देखिन्छ। सो ऐनको दफा ३(क) अनुसार "लागू औषध" भन्नाले गाँजा, अफिम, कोका र अफिम तथा कोकाको सारतत्व, मिश्रण वा लवण मिसाइ तयार गरिने कुनै पदार्थ र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका मनोद्विपक पदार्थ (Psycotropic Substances) सम्झनुपर्छ भनी परिभाषित गरेको देखिँदा ऐनको समग्र उद्देश्य नै उल्लिखित पदार्थ नियन्त्रण गर्नु रहेको भन्ने देखिन आउँछ।

३९. ऐनको दफा ४ मा सो ऐनले निषेध गरेको कार्यहरूको सम्बन्धमा निम्न व्यवस्था गरेको देखिन्छ।

दफा ४ <u>निषेध गरिएका कार्यहरू:</u> *कुनै पनि व्यक्तिले देहायका कार्यहरू गर्न हुँदैन-*

(क) गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्न,

(ख) अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधीको उत्पादन गर्न,

(ग) लागू औषधको निर्माण वा तैयारी गर्न,

(घ) लागू औषधको बिक्री वितरण गर्न,

(ङ) लागू औषधको निकासी वा पैठारी गर्न,

(च) लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने र

(छ) गाँजाबाहेक अन्य लागू औषध सेवन गर्ने,

४०. उल्लिखित कानूनी व्यवस्था हेर्दा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (क) मा लागू औषध गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्नलाई निषेध गरेको देखिन्छ भने खण्ड (ख) देखि (छ) सम्मका अन्य खण्डमा गाँजा बाहेकका अन्य लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद, सञ्चय, ओसारपसार, बिक्री वितरण र सेवन लगायतका कार्यमा निषेध गरेको देखिन्छ। उक्त कानूनी व्यवस्थाको मुख्य विशेषता गाँजा र अन्य लागू औषधको सेवन तथा अन्य कारोबारलाई पृथक पृथक कसूरका रूपमा परिभाषित गर्नु रहेको देखिन्छ। रिट निवेदकले गाँजालाई गैरअपराधीकरण गर्न माग गरेको सन्दर्भमा ऐनले गाँजलाई अन्य लागू औषधको कोटीमा नराखी फरक दृष्टिले हेरेको विषयलाई विशेष रूपमा मनन गर्नु आवश्यक देखिन्छ। यस सन्दर्भमा अर्को पनि महत्त्वपूर्ण पक्ष के रहेको छ भने लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी हुँदाका बखतको दफा ४ मा हाल कायम भए अनुरूपको व्यवस्था देखिंदैन। यस सन्दर्भमा ऐनले गाँजा नियन्त्रणका सम्बन्धमा गरेको व्यवस्थालाई ऐतिहासिक आयामबाट हेर्न समेत आवश्यक देखिन आयो।

४१. यस सन्दर्भमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी हुनुपूर्व मिति २०३०।०४।०१ मा तत्कालीन श्री ५ को सरकारले निर्णय गरी गाँजा र चरेसको खेती उत्पादन, तैयारी, सञ्चय र ओसारपसार आदि गर्न नपाउने गरी तत्कालीन गृह पञ्चायत मन्त्रालयले सूचना प्रकाशन गरेको देखिन्छ।[२१] उक्त सूचनाको बेहोरा देहायबमोजिम रहेको थियोः-

> *"जुनसुकै ऐन वा नियममा जुनसुकै कुरा लेखिएको भए तापनि यो सूचना प्रकाशित भएको मिति (अर्थात् २०३० साल साउन १ गते) देखि लागू हुने गरी श्री ५ को सरकारले गाँजा र चरेसको खेती गर्ने, उत्पादन गर्ने, खरिद, बिक्री, सञ्चय वा ओसारपसार गर्ने सम्बन्धमा यस अघि जारी गरिएका सम्पूर्ण इजाजतपत्र (लाइसेन्स) हरू खारेज गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ। अब उप्रान्त*

[२१] नेपाल राजपत्र, मिति २०३०।०४।०१, खण्ड २३, भाग ३

इजाजतपत्र नलिई वा यस सूचना विपरीत कसैले गाँजा वा चरेससम्बन्धी कुनै कार्य गरेमा कानूनबमोजिम कडा कारबाही गरिनेछ ।"

४२. उल्लिखित सूचनाको बेहोराबाट सो सूचना जारी हुनु पूर्व इजाजतपत्र जारी गरी गाँजा चरेसको खेती, उत्पादन र बिक्रीवितरण आदि गर्न अनुमति प्रदान गरिएको देखिएकोमा सो सूचनाले त्यस पूर्व जारी भएका सबै इजाजतपत्र (लाइसेन्स) खारेज गरी गाँजाको कारोबारलाई गैरकानूनी बनाएको देखिन्छ। तथापि उक्त कार्य विधायिकी ऐनले नगरी सरकारको कार्यकारी निर्णयबाट भएको देखिएको र सो निर्णयलेसमेत गाँजा सेवनको कार्यलाई समेटेको भने देखिन आउँदैन।

४३. तर त्यसको तीन वर्षपछि मिति २०३३।०६।१० मा विधायिकी कानूनका रूपमा नै लागू औषध (नियन्त्रण) ऐन,२०३३ जारी भएको देखिन्छ। अब उक्त ऐन जारी हुँदाका बखतको दफा ४ को मौलिक व्यवस्था र उक्त ऐनमा संवत् २०४३ मा गरिएको पहिलो संशोधन र संवत् २०४४ मा गरिएको दोस्रो संशोधनका व्यवस्थाहरूसमेत हेर्दा। लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (क) मा भएको हालको व्यवस्था ऐन जारी हुँदाका बखत कायम रहेको दफा ४ को व्यवस्थाभन्दा आधारभूत रूपमा भिन्न छ जुन देहायबमोजिम रहेको थियो।[२२]

४. निषेध गरिएका कार्यहरू: कुनै पनि व्यक्तिले देहायका कार्यहरू गर्नु हुँदैनः-

(क) गाँजा, अफिम वा कोकाको खेती गर्न,

(ख) गाँजा, अफिम वा कोकाको पात वा अन्य लागू औषधको उत्पादन गर्न,

(ग) लागू औषधको निर्माण वा तैयारी गर्न,

(घ) लागू औषधको बिक्री-वितरण गर्न,

(ङ) लागू औषधको निकासी वा पैठारी गर्न, र

(च) लागू औषधको खरीद गर्न, सञ्चय गर्न, राख्न, सेवन गर्न वा ओसारपसार गर्न।

४४. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को मौलिक र हाल कायम संशोधित व्यवस्था तुलना गरी हेर्दा दुबै व्यवस्थाले लागू औषध गाँजा अफिम लगायतका पदार्थको खेती, उत्पादन, तैयारी र बिक्री वितरण आदि निषेध गरेको देखिए तापनि ऐनको मौलिक व्यवस्थामा "गाँजा, अफिम र कोका" को खेती, उत्पादन, निर्माण वा तैयारी, बिक्री वितरण,

---

[२२] नेपाल राजपत्र, मिति २०३३।०६।१०, भाग २

निकासी पैठारी तथा सञ्चय र सेवन आदि कार्यलाई एकै वर्गको कसूरमा राखेको देखिन्छ। ऐनको दफा १४ मा तोकिएको सजायमा समेत गाँजा र अफिम कोका आदि अन्य लागू औषधमा कुनै भिन्नता नगरी समान सजाय हुने व्यवस्था गरेको देखिन्छ। "गाँजा, अफिम वा कोका" र सोबाट बनेको पदार्थको निषेधित कार्य र सोबापत हुने सजायमा कुनै भिन्नता थिएन। यसबाट लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी हुँदाका बखत सो ऐनले गाँजालाई अफिम र कोका जत्तिकै गम्भीर प्रकृतिको लागू औषधको रूपमा लिएको देखिन आउँछ।

४५. तर ऐन जारी भएको दश वर्षपछि सम्वत् २०४३ मा गरिएको सो ऐनको पहिलो संशोधनले मूल ऐनले गरेको निषेधित कार्यसम्बन्धी व्यवस्था (दफा ४) को खण्ड (क), (ख) र (च) मा संशोधन गरी तथा खण्ड (छ) थप गरी खण्ड (क) मा गाँजाको खेती उत्पादन र सेवनलाई अफिम वा कोकाको खेती र उत्पादनसँग अलग गरी र खण्ड (घ) ले गाँजा र गाँजाबाहेकको अन्य लागू औषधको सेवनसम्बन्धी निषेधित कार्यलाई अलग अलग कसूरका रूपमा परिभाषित गरेको पाइन्छ। उक्त संशोधनले पहिलो पटक गाँजालाई अफिम, कोका र सोको लवण वा सारबाट बनेका अन्य लागू औषधभन्दा अलग र भिन्न लागू औषधको रूपमा स्वीकार गरेको देखिन्छ। साथै सोही संशोधनले दफा १४ मासमेत संशोधन गरी अफिम र कोका आदिको खेती, उत्पादन र सेवनमा भन्दा गाँजाको खेती, उत्पादन र सेवनमा उल्लेख्य मात्रामा सजायमा कमी गरी अन्य लागू औषधसँग निषेधित कार्यभन्दा गाँजाजन्य निषेधित कार्यलाई कम गम्भीर कसूरका रूपमा स्थापित गरेको देखिन आउँछ।

४६. यस बाहेक, उक्त संशोधनले ऐनको दफा (४) को प्रतिबन्धात्मक वाक्यांश पछि स्पष्टीकरण खण्ड थप गरी "यस दफाको खण्ड (ख), (ग), (घ), (ङ) र (च)" को प्रयोजनका लागि "लागू औषध" भन्नाले "गाँजालाई जनाउने छैन" भन्ने व्यवस्था गरी खण्ड (क) ले गाँजाको खेती, उत्पादन, सेवन, सञ्चयलाई निषेधित कार्यको सूचीमा राखेको भए तापनि सो बाहेकका खण्ड (ग), (घ), (ङ) र (च) ले निषेध गरेको लागू औषधको निर्माण वा तैयारी, बिक्री वितरण, निकासी, पैठारी, खरिद, सञ्चय र ओसारपसार जस्ता निषेधित कार्यबाट गाँजालाई अलग गरेको स्थितिसमेत देखिन्छ। वस्तुतः उक्त संशोधनले लागू औषध गाँजाको खेती, उत्पादन, र सेवन बाहेकका अन्य कारोबारलाई गैरअपराधीकरण गरेको अवस्थासमेत देखिन्छ।

४७. तथापि सो ऐनमा पहिलो संशोधन भएको एक वर्षपश्चात् पुनः लागू औषध (नियन्त्रण) ऐन (दोस्रो संशोधन), २०४४ जारी गरी दफा ४ को (क) मा संशोधन गरी हाल कायम रहेबमोजिमको "गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्ने" कार्यलाई निषेधित कसूरका रूपमा पुनः कायम गरेको पाइन्छ। उक्त संशोधनले अन्य लागू औषधजस्तै गाँजाको तैयारी, बिक्री वितरण, सञ्चय, ओसारपसार आदिलाई निषेधित कार्यमा समेटेको भए तापनि सो संशोधनले पनि गाँजाजन्य निषेधित कार्यलाई अन्य लागू औषधजन्य निषेधित कार्यसँग स्पष्ट रूपमा अलग गरेको अवस्था छ। सो ऐनमा मिति २०५०।०२।३० मा भएको तेस्रो संशोधनले ऐनको दफा १४ मा गरेको संशोधनले गाँजाको सेवन, खेती, उत्पादन, तैयारी, खरिद बिक्री, सञ्चय तथा ओसारपसार लगायतका कार्यमा अफिम, कोका वा सोको लवण वा सार मिश्रित अन्य लागू औषधको सेवन तथा अन्य कारोबारमा हुने सजायभन्दा उल्लेख्य (Significant) रूपमा कम सजाय गरेकोसमेत देखिन्छ।

४८. **यस प्रकार, लागू औषध नियन्त्रणसम्बन्धी नेपाल कानूनको ऐतिहासिक विकासक्रम हेर्दा प्रारम्भमा गाँजालाई अफिम कोका लगायतका अन्य लागू औषधसरह नै एकै वर्गमा राखी कठोर नियन्त्रण गरेको देखिएकोमा सो ऐनमा भएको पटकपटकको संशोधनबाट गाँजाजन्य निषेधित कार्यलाई अन्य लागू औषधजन्य निषेधित कार्यसँग अलग गरी अन्य लागू औषधजन्य कसूरको तुलनामा गाँजाजन्य कसूरलाई कम गम्भीर मानी कम सजाय गरेकोसमेत देखिन आयो।**

४९. यस अतिरिक्त, लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी हुँदाका बखत नै ऐनको दफा ४ ले गरेको निषेधित कार्यमा प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था गरी निश्चित अवस्थामा उक्त दफा ४ को निषेध लागू नहुने गरी कानूनी व्यवस्था गरेकोसमेत देखिन्छ। प्रस्तुत रिट निवेदनका सन्दर्भमा उक्त प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) र (२) को व्यवस्था महत्त्वपूर्ण रहेको छ। जुन यस प्रकार छः-

> *"(१) नेपाल अधिराज्यको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफैं उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेस उत्पादन गर्न, त्यस्तो चरेस सङ्ग्रह गर्न, राख्ने र खरिद बिक्री गर्ने सम्बन्धमा श्री ५ को सरकारले नियम बनाई व्यवस्था गर्न सक्नेछ र सोअनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस*

दफाअन्तर्गत अपराध गरेको मानिने छैन।[२३]

(१क) सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग्स, १९६१ मा परिभाषा गरिएबमोजिमका औषधीमध्ये लागू औषध तयार गर्न प्रयोग गरिने रासायनिक पदार्थ मुख्य औषध नियन्त्रण अधिकारीको अनुमतिले मात्र तोकिएको अनुपातमा आयातनिर्यात, ओसारपसार, सञ्चय, बिक्री वितरण र प्रयोग गर्न पाइनेछ।

(२) प्रतिबन्धात्मक वाक्यांश (१) बमोजिम दिइने अनुमतिपत्रको तरिका, अनुमतिपत्रको ढाँचा र शर्त अनुमतिपत्र बमोजिम गरिने कामउपरको अरू नियन्त्रण र व्यवस्था तोकिएबमोजिम हुनेछ।"

५०. उल्लिखित प्रतिबन्धात्मक व्यवस्था हेर्दा दफा ४ को खण्ड (क) ले गाँजाको खेती, उत्पादन, तैयारी, खरिद बिक्री, सञ्चय र सेवन आदि गर्न निषेध गरेको भए तापनि नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफैं उम्रने गाँजाको बोटबाट चरेस उत्पादन तथा खरिद बिक्री सम्बन्धमा नेपाल सरकारले अनुमति प्रदान गर्ने सम्बन्धमा नियम बनाई आवश्यक व्यवस्था गर्न सक्ने र सोबमोजिम दिइने अनुमतिपत्रको तरिका, अनुमतिपत्रको ढाँचा र शर्त एवम् अनुमतिपत्र बमोजिम गरिने कामउपरको अरू नियन्त्रण र व्यवस्था तोकिएबमोजिम हुने व्यवस्था देखिन आयो। लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (ठ) मा "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ भनी परिभाषा गरेको देखिएको हुँदा दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) बमोजिम दिइने अनुमतिपत्रको तरिका, ढाँचा र शर्त एवम् अनुमतिपत्र बमोजिम गरिने कामउपरको अरू नियन्त्रण र व्यवस्था सो ऐनअन्तर्गत जारी नियम वा आदेशमा गर्न सकिने[२४] देखियो। उक्त व्यवस्थाबमोजिम अनुमतिपत्र प्राप्त गरी काम गरेकोमा सो दफा बमोजिमको निषेध लागू नहुने अर्थात् अपराध गरेको नमानिने व्यवस्था देखियो। यो व्यवस्था ऐनको मौलिक रूपमा गरिएको व्यवस्था हो। यसबाट लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी हुँदाका बखत नै नेपाल सरकारले नियम बनाई अनुमति प्रदान गरी प्राकृतिक रूपमा उम्रने गाँजाबाट चरेस उत्पादन गर्न, सङ्ग्रह गर्न र खरिद बिक्री गर्ने कार्यलाई व्यवस्थापन गर्न सक्ने अवधारणालाई आत्मसात

---

[२३] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६ द्वारा "अधिराज्य" भन्ने शब्द झिकिएको।

[२४] लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २४: नियम बनाउने वा आदेश जारी गर्ने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन वा आदेश जारी गर्न सक्नेछ।

गरेको देखिन आउँछ। सो पूर्व मिति २०३०।०४।०१ को राजपत्रमा प्रकाशित सूचनामा समेत "...अब उप्रान्त इजाजतपत्र नलिई..." गाँजा चरेससम्बन्धी कुनै कार्य गरेमा कडा कारबाही गरिनेछ भन्ने बेहोरा परेको देखिँदा गाँजा चरेसको खेती लगायतका कारोबारलाई राज्यले निषेध गरेको पहिलो निर्णयदेखि नै राज्यबाट इजाजत वा अनुमतिपत्र लिएर भने गाँजाको खेती, उत्पादन र तैयारी आदि गर्न सकिने दृष्टिकोण लिएको देखियो।

५१. यद्यपि लागू औषध (नियन्त्रण) ऐन, २०३३ उक्त को दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाले "पश्चिमी पहाडी भेगमा" "प्राकृतिक रूपमा आफैं उम्रने जङ्गली गाँजा" बाट चरेस उत्पादन, सञ्चय र बिक्री वितरण लगायतका कारोबार गर्न सम्म अनुमति प्रदान गर्न सक्ने गरी व्यवस्था गरेको देखिएको भए तापनि सारतः सो व्यवस्थाले विधायिकाले गाँजालाई निरपेक्ष रूपमा निषेध (Prohibition) गर्नुपर्ने दृष्टिकोण अवलम्बन गरेको छैन भन्ने तथ्य स्थापित गराउँछ। वस्तुतः गाँजालाई निरपेक्ष रूपमा निषेध गर्नु र अनुमतिपत्र प्रदान गरी गाँजाबाट चरेस उत्पादन तथा अन्य कारोबार गर्न दिनु दुई नितान्त फरक वैधानिक अवस्था हो। अनुमतिपत्र प्रदान गरी चरेस उत्पादन गर्न दिन सकिने भन्नुको अर्थ अनुमतिपत्रका शर्तहरूको अधीनमा रही राज्यको आवश्यक निगरानी र नियमन (Control/Regulation) भित्र रही चरेस उत्पादन गर्न सकिने भन्ने देखिन आउँछ। यसबाट लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले गाँजालाई पूर्ण नियन्त्रण गरेको छ भनी अर्थ गर्नु सही निष्कर्ष हुने देखिएन।

५२. साथै, सो ऐनको दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (१) ले नेपालको पश्चिम पहाडी भेगमा प्राकृतिक रूपमा नै गाँजा उत्पादन हुने र यसबाट परम्परागत रूपमा नै चरेस उत्पादन गर्ने गरिएको नेपालको पश्चिम पहाडको आर्थिक, सामाजिक एवम् भौगोलिक वैशिष्ट्यलाई समेत आत्मसात गरेको स्पष्ट हुन आउँछ। ऐनको उल्लिखित प्रावधानमार्फत ऐन निर्माताले परम्परादेखि गरी आएको सो कार्यलाई निरन्तरता दिने तर त्यसका लागि सरकारले जारी गरेको नियमअन्तर्गत अनुमतिपत्र लिई सो अनुमतिपत्रमा तोकिएको शर्तको पालना हुनुपर्ने प्रबन्ध गरी गाँजाको नियन्त्रित उत्पादन गर्न सकिने दृष्टिकोण लिएको स्पष्ट हुन आयो।

५३. उक्त प्रतिबन्धात्मक व्यवस्थामा कुनै निश्चित भौगोलिक सीमा निर्धारण नगरी गोश्वारा रूपमा *पश्चिमी पहाडी भेगमा* सम्म भनेको भए तापनि सरकारले नियम बनाउँदा यस सम्बन्धमा हालसम्म भएका विभिन्न अध्ययन अनुसन्धान समेतलाई आधार मानी भौगोलिक वा हावापानी

लगायतका दृष्टिले उपयुक्त देखिएका क्षेत्रलाई सो प्रयोजनका लागि तर्कसङ्गत ढङ्गले परिभाषित गर्न सक्ने अवस्था देखिन्छ। यस अतिरिक्त, उक्त प्रतिबन्धात्मक व्यवस्थाले *प्राकृतिक रूपमा आफैं उम्रने जङ्गली गाँजा*बाट मात्र चरेस उत्पादन, सञ्चय र बिक्री वितरण लगायतका कारोबार गर्नसक्ने गरी अनुमति प्रदान गर्न सकिने व्यवस्था गरेको देखिए तापनि सो ऐनको दफा ६ ले "...औषधी वा वैज्ञानिक अनुसन्धानको लागि कुनै लागू औषधको खेती गर्न, तैयार गर्न, उत्पादन गर्न... बाधा पुऱ्याएको मानिने छैन।" भन्ने लगायतका व्यवस्था गरेको देखिएको सन्दर्भमा उल्लिखित प्रयोजनका लागि गाँजाको प्रयोगलाई इजाजत वा अनुमति प्रदान गर्दा ऐनको दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (१) को "प्राकृतिक रूपमा आफैं उम्रेको जङ्गली गाँजा" मा मात्र सिमित रहनुपर्ने आवश्यकता देखिएन। विधायिकाले चरेस उत्पादन तथा कारोबारका लागि नियन्त्रणात्मक संयन्त्रअन्तर्गत अनुमतिपत्र प्रदान गरी सो अनुमतिपत्रमा तोकिएका शर्तहरूको अधीनमा रही राज्यको नियमन र निगरानीमा रही उत्पादन गर्न सकिने तर यसलाई अनियन्त्रित नछोडी नियमन र निगरानी गर्नुपर्ने भन्ने मुख्य उद्देश्य लिएको देखिएको हुँदा ऐनको उल्लिखित व्यवस्थाको मर्म र भावना विपरीत नहुने गरी नेपाल सरकारले नियमनका लागि आवश्यक र उचित नियम बनाई नियन्त्रित रूपमा गाँजा खेती र यसको व्यवस्थापन गर्न नसक्ने अवस्था देखिएन। कडा नियमन र निगरानीको उचित संयन्त्र निर्माण गरी गाँजाको खेती, उत्पादन र कारोबार गर्न सकिने विषय लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले स्वीकार गरेको अवस्था देखिन आयो। त्यसरी गरिने गाँजाको खेती, उत्पादन, तैयारी तथा बिक्री वितरण आदिलाई सो ऐनले निषेध गरेको कसूर भनी मान्न मिलेन।

५४. यसबाहेक, लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले औषधोपचारको लागि स्वीकृत चिकित्सकको सिफारिसमा अनुमतिपत्र प्राप्त पसलबाट सिफारिस बमोजिमको मात्रामा लागूऔषध खरिद गरी सेवन गर्न र तोकिएको वर्गको व्यक्तिले तोकिएको मात्रामा लागू औषध सेवन गर्न सो ऐनले निषेध गरेको नमानिने[२५] व्यवस्था गरी चिकित्सकको सल्लाह र सिफारिसमा गाँजा प्रयोग गर्न सकिने गरी गरेको व्यवस्था, नेपाल सरकारले वा नेपाल सरकारबाट विशेष अनुमतिपत्र प्राप्त गरी नेपाल सरकारको पूर्ण निर्देशन र नियन्त्रणमा रही नेपाल सरकारको तर्फबाट कुनै संस्थाले औषधी वा वैज्ञानिक अनुसन्धान प्रयोजनको लागि

[२५] लागू औषध (नियन्त्रण) ऐन, २०३३, दफा ५

कुनै लागू औषधको खेती गर्न, तैयार गर्न, उत्पादन गर्न, निर्माण गर्न वा निकासी पैठारी गर्न वा स्वीकृत चिकित्सकको सिफारिसबमोजिम कसैलाई लागू औषध बिक्री गर्न यस ऐनमा लेखिएका कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।[२६] भन्ने व्यवस्था गरी सरकारबाट अनुमतिपत्र प्राप्त गरी नेपाल सरकारको तर्फबाट कुनै संस्थाले गाँजा खेती, उत्पादन वा सोको कारोबार गर्न सकिने गरी गरेको प्रबन्ध तथा यस ऐनबमोजिम जफत वा कब्जा गरिएको लागू औषधमध्ये गाँजा र अफिम नेपाल सरकारले उपयुक्त देखेमा औषधी बनाउने प्रयोजनको लागि कुनै औषधी बनाउने निकायलाई आवश्यक परिमाणमा उपलब्ध गराउन सक्नेछ।[२७] भन्ने व्यवस्था गरी ऐनको दफा ११ र ११क. बमोजिम नष्ट गर्नुपर्ने लागू औषध गाँजा कुनै औषधी बनाउने निकायलाई उपलब्ध गराउन सक्ने गरी गरेको व्यवस्था समेतबाट पनि कानूनले गाँजालाई पूर्णरूपमा निषेध गरेको नदेखिई आवश्यकताअनुसार नेपाल सरकारको अनुमति वा चिकित्सकको सिफारिसका आधारमा गाँजाको उचित प्रयोग गर्न सकिने अवस्था देखियो।

५५. यसैगरी, सो ऐनको दफा १९ ले कसैले व्यापारिक उद्देश्य वा ठूलो परिमाणमा बाहेक निजी उपयोगको लागि अल्पमात्रामा मात्र गाँजा र औषधोपयोगी अफिम खरिद गरेको, राखेको वा सेवन गरेको फेला परेमा पहिलो पटक भए औषध नियन्त्रण अधिकारीले त्यस्तो व्यक्तिको लगत राखी त्यस्तो अपराध पुनः नगर्ने कागज गराई मुद्दा नचलाउने पर्चा खडा गरी छाड्न सक्ने र मुद्दा चलेकोमा पनि अदालतले त्यस्तो व्यक्तिको लगत राखी निजलाई सो अपराध पुनः नगर्ने कागज गराई पहिलो पटक कुनै सजाय नगरी रिहाई दिन सक्ने जस्ता विशेष व्यवस्था गरी गाँजालाई निषेधित लागू औषधको रूपमा परिभाषित गरेको भए तापनि सोको औषधीय प्रयोगका अतिरिक्त अल्प परिमाणका निजी उपभोगका लागि गरेको सञ्चयलाई समेत मुद्दा नचलाई कागज गरी छाड्न सक्ने वा मुद्दा चलेको अवस्थामा पनि अदालतले समेत सजाय नगरी कागज गरी छाड्न सक्ने समेतका कानूनी व्यवस्थाबाट विधायिकाले गाँजालाई पूर्ण प्रतिबन्धित लागू औषध नभई नियन्त्रित उत्पादन र प्रयोग गर्न सकिने औषधीय पदार्थका रूपमा स्वीकार गरेको अवस्था देखियो। यस स्थितिमा गाँजाका सम्बन्धमा ऐनले गरेको निषेधित कार्यलाई यसको उपयोगिता समेतलाई मध्येनजर गरी अन्य लागू औषधभन्दा

---

[२६] लागू औषध (नियन्त्रण) ऐन, २०३३, दफा ६

[२७] लागू औषध (नियन्त्रण) ऐन, २०३३, दफा ११ग

फरक दृष्टिकोण लिन आवश्यक र उचित देखियो।

५६. अब, तेस्रो अर्थात् **लागू औषध गाँजालाई नियमन र नियन्त्रण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनमा के कस्तो व्यवस्था रहेको छ र यस सम्बन्धी तुलनात्मक अभ्यास के रहेको छ** भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा लागू औषध नियन्त्रणसम्बन्धी विश्व व्यवस्था (world order) लाई नियमन गर्ने मुख्य दस्तावेज Single Convention on Narcotic Drugs, 1961 हो। संयुक्त राष्ट्र संघीय महासभाको ३ डिसेम्बर १९४९ को GA Resolution 366 (IV) र आर्थिक तथा सामाजिक परिषद्को 28 July 1958 को Resolution 689J (XXVI) बमोजिम लागू औषध नियन्त्रणको क्षेत्रमा सो अघि भएको विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता र संयन्त्रहरूलाई प्रतिस्थापित गरी Narcotic Drug Control सम्बन्धी एकीकृत विश्व व्यवस्था कायम गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको सम्मेलनले 30 March 1961 मा उक्त एकल महासन्धि (Single Convention on Narcotic Drugs, 1961) पारित गरेको देखिन्छ।[२८] १३ डिसेम्बर १९६४ देखि लागू भएको यो महासन्धि १९७२ को Protocol ले संशोधन गरेको छ। उक्त महासन्धिको प्रस्तावना हेर्दा लागू औषध Pain Relief को महत्त्वपूर्ण औषधी हुन सक्ने भए तापनि यसले मानव स्वास्थ्यमा पार्ने गम्भीर असर तथा यसको सामाजिक, आर्थिक दुष्परिणामलाई मध्येनजर गरी यसको दुरुपयोग रोक्न र यसको प्रयोगलाई मुख्य गरी औषधोपचार र वैज्ञानिक अनुसन्धानको क्षेत्रमा मात्र सीमित गर्ने संयन्त्रको विकासका लागि उक्त महासन्धि ग्रहण गर्नु परेको भन्ने देखिन्छ।[२९] उक्त महासन्धिको धारा १, (१) (b), (c) र (d) ले गाँजा (Cannabis, Cannabis plant and Cannabis resin) को परिभाषा[३०] गरी गाँजालाई नियन्त्रित लागू औषधको रूपमा अनुसूची। र IV को General Control Regime मा समावेश गरेको पाइन्छ।[३१]

---

[२८] UN Treaty Series, IV, available at: *https://treaties.un.org/pages/treaties.aspx?id=4&subid=A&lang=en*

[२९] Preamble of th Single Convention on Narcotic Drugs, 1961

[३०] पूर्वपाद टिप्पणी, २

[३१] उक्त महासन्धीले गाँजालाई अनुसूची I को गैरचिकित्सकीय प्रयोजनका लागि निषेधित लागू औषधको सूचीमा र अनुसूची IV को खतरनाक (गम्भीर) प्रकृतिको लागूऔषध सूचीमा समेत राखेकोमा विश्व स्वास्थ्य संगठन (World Health Organization, WHO) को डिसेम्बर २, २०२० को सिफारिसमा Narcotic Drug Commission ले गाँजालाई खतरनाक लागूऔषधको सूची (Annex IV) बाट हटाएको छ। हेर्नुहोस्: **UN commission reclassifies cannabis, yet still considered harmful,** available at *https://news.un.org/en/story/2020/12/1079132.*
See also; *https://www.unodc.org/unodc/en/frontpage/2020/December/cnd-votes-on-recommendations-for-cannabis-and-cannabis-related-substances.html* see also; Vukan Slavković, **Legalization of marijuana use in comparative criminal legislation**, Vestnik of Saint Petersburg University, 2022. Law 3: 771–786, available at: *https://doi.org/10.21638/spbu14.2022.312*

५७. उक्त महासन्धि गाँजा लगायतका लागू औषध नियन्त्रण गर्ने प्रमुख अन्तर्राष्ट्रिय कानूनी दस्तावेजका रूपमा देखिए तापनि सो महासन्धिको मुख्य उद्देश्य लागू औषधको उत्पादन, सञ्चय, ओसारपसार र बिक्री वितरणलाई पूर्णतः निषेध गर्ने नभई यसलाई औषधोपचार र वैज्ञानिक अनुसन्धानको प्रयोजनका लागि मात्र सीमित गर्ने भन्ने देखिन आउँछ।[३२] यसबाट सो महासन्धिले पक्ष राष्ट्रहरूमा गाँजालाई निरपेक्ष रूपमा अपराधीकरण (Criminalized) गर्नुपर्ने दायित्व निर्धारण गरेको देखिएन। अपितु, वैज्ञानिक अनुसन्धान र औषधीय उपयोगका लागि नियन्त्रित रूपमा प्रयोग गर्न आवश्यक र उपयुक्त विधायिकी वा प्रशासकीय संयन्त्र विकास गर्न सकिने सुविधा (Policy Choice) दिएको देखियो।

५८. यसबाहेक, उक्त महासन्धिको धारा २८ मा गाँजाको औषधीय प्रयोगबाहेक यसको व्यावसायिक र बागवानी (कृषि) प्रयोगको अनुमतिसम्बन्धी विशेष व्यवस्थासमेत पाउन सकिन्छ।[३३] यद्यपि उक्त व्यवस्थाअन्तर्गत धारा २३ मा अफिम खेतीसम्बन्धी विस्तृत व्यवस्था गरी धारा २८ ले धारा २३ को सोही व्यवस्था गाँजाको हकमा समेत समान रूपमा लागू हुने भन्ने व्यवस्था गरेको देखिंदा गाँजा खेतीका हकमा समेत धारा २३ को सोही व्यवस्था समान रूपमा लागू हुने तथ्यमा विबाद भएन। **धारा २८ को व्यवस्थाले मुख्य गरी यदि पक्ष राष्ट्रले गाँजा खेती गर्न चाहेमा अनुमति प्रदान गर्ने सम्बन्धमा धारा २३ को "System of Controls" लागू हुने कुरामा जोड दिएको देखिन्छ। सो धाराले विशुद्ध औद्योगिक वा खेती प्रयोजनका लागि (Industrial purposes (fiber and seeds) or horticultural purposes) गरिने गाँजा खेती उत्पादन, तैयारी वा अन्य कारोबारका हकमा सो महासन्धिको अन्य व्यवस्था आकर्षित नहुने र त्यसको दुरुपयोग नहुने सुनिश्चितताका लागि पक्ष राष्ट्रले उपयुक्त संयन्त्रको विकास गर्नुपर्ने दायित्व निर्धारण गरेको देखिन्छ। यो व्यवस्था औषधीय वा वैज्ञानिक अनुसन्धान प्रयोजन बाहेकको औद्योगिक वा बागवानी**

---

[३२] Article 4, GENERAL OBLIGATIONS: The parties shall take such legislative and administrative measures as may be necessary:
a) To give effect to and carry out the provisions of this Convention within their own territories;
b) To co-operate with other States in the execution of the provisions of this Convention; and
c) Subject to the provisions of this Convention, to limit exclusively to medical and scientific purposes the production, manufacture, export, import, distribution of, trade in, use and possession of drugs.

[३३] Article 28 CONTROL OF CANNABIS
1. If a Party permits the cultivation of the cannabis plant for the production of cannabis or cannabis resin, it shall apply thereto the system of controls as provided in article 23 respecting the control of the opium poppy.
2. This Convention shall not apply to the cultivation of the cannabis plant exclusively for industrial purposes (fibre and seed) or horticultural purposes.
3. The Parties shall adopt such measures as may be necessary to prevent the misuse of, and illicit traffic in, the leaves of the cannabis plant.

प्रयोजनका लागि गरिएको विशेष व्यवस्था भएकोले महासन्धिको यो प्रावधानले पक्ष राष्ट्रलाई औद्योगिक वा बागबानी प्रयोजनका लागि गाँजाको नियन्त्रित उत्पादन गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न बाधा पुऱ्याएको देखिएन।

५९. तर यस प्रयोजनका लागि गरिने गाँजा खेती/उत्पादनमा अफिम खेतीका लागि महासन्धिको धारा २३ द्वारा निर्धारित शर्त पूरा गर्नुपर्ने हुन्छ।[३४] जसअनुसार पक्ष राष्ट्रले (क) गाँजा खेती गर्ने अनुमति दिन कुनै सरकारी निकाय (एक वा एकभन्दा बढी) स्थापना गर्नुपर्ने (ख) सोही निकायले गाँजा खेती/उत्पादन गर्न अनुमति दिइने क्षेत्र तथा जग्गाका कित्ता निर्धारण गर्नुपर्ने (ग) सो निकायबाट इजाजत पत्र वा अनुमति प्राप्त गरेका व्यक्तिले मात्र गाँजा खेती गर्न पाउने (घ) अनुमति पत्रमा खेती गर्ने अनुमति दिइएको जग्गाको क्षेत्रफल स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्ने (ङ) त्यसरी गरिएको खेतीबाट उत्पादित सम्पूर्ण गाँजा जतिसक्दो चाँडो (फसल कटानी भएको चार महिनाभन्दा ढिलो नगरी) त्यस्तो निकायलाई बुझाउनुपर्ने र सो निकायले पनि उत्पादित गाँजा खरिद गरी भौतिक रूपमा आफ्नो नियन्त्रणमा लिनुपर्ने र (च) गाँजाको आयात, निर्यात, थोक कारोबार तथा सञ्चयसम्बन्धी सम्पूर्ण अधिकार सोही निकायलाई हुने गरी शर्त निर्धारण गरेको देखिन्छ। तर औषधोपयोगी गाँजा र सोको तैयारीमा भने त्यस्तो निकायको एकाधिकार (exclusive rights) कायम गर्नु नपर्ने व्यवस्था उक्त महासन्धिले गरेको देखियो। यसबाट उक्त महासन्धिले गाँजालाई कोका लगायतका अन्य लागू औषधको वर्गमा राखी पूर्ण रूपमा निषेध गरेको नभई राज्यले कानून बनाई कडा नियमन तथा निगरानी संयन्त्रअन्तर्गत नियन्त्रित रूपमा उत्पादन र प्रयोग गर्न सकिने ढोका

---

[३४] Article 23 NATIONAL OPIUM AGENCIES

1. A Party that permits the cultivation of the opium poppy for the production of opium shall establish, if it has not already done so, and maintain, one or more government agencies (hereafter in this article referred to as the Agency) to carry out the functions required under this article.
2. Each such Party shall apply the following provisions to the cultivation of the opium poppy for the production of opium and to opium:
   a) The Agency shall designate the areas in which, and the plots of land on which, cultivation of the opium poppy for the purpose of producing opium shall be permitted.
   b) Only cultivators licensed by the Agency shall be authorized to engage in such cultivation.
   c) Each licence shall specify the extent of the land on which the cultivation is permitted.
   d) All cultivators of the opium poppy shall be required to deliver their total crops of opium to the Agency. The Agency shall purchase and take physical possession of such crops as soon as possible, but not later than four months after the end of the harvest.
   e) The Agency shall, in respect of opium, have the exclusive right of importing, exporting, wholesale trading and maintaining stocks other than those held by manufacturers of opium alkaloids, medicinal opium or opium preparations. Parties need not extend this exclusive right to medicinal opium and opium preparations.
3. The governmental functions referred to in paragraph 2 shall be discharged by a single government agency if the constitution of the Party concerned permits it.

खुला राखेको देखियो।

६०. संयुक्त राष्ट्र संघीय महासन्धि अभिलेखबाट नेपाल सम्मिलन (Accession) विधिद्वारा २९ जुन १९८७ मा उक्त महासन्धिको सदस्य/पक्ष राष्ट्र बनेको देखिन्छ।[३५] जुनसुकै तरिकाले सन्धिको पक्ष भए तापनि कुनै महासन्धिको पक्ष बनी सकेपछि उक्त महासन्धिका व्यवस्था इमान्दारीसाथ कार्यान्वयन गर्नु (*Pacta Sunt Servanda*) प्रथाजनित अन्तर्राष्ट्रिय कानून (Customary International Law) को स्वीकार्य मान्यता हो।[३६] सन्धिहरू कानूनी रूपमा बाध्यकारी मानिन्छन्। Vienna Convention on the Law of Treaties, 1969 को धारा २७[३७] मा कुनै राष्ट्रले राष्ट्रिय कानूनको कारण देखाएर अन्तर्राष्ट्रिय कानूनबमोजिमको दायित्व पूरा गर्न असक्षम रहेको दाबी गर्न नपाउने व्यवस्था रहेको सन्दर्भमा पक्ष राष्ट्रको हैसियतले सन्धिको व्यवस्थाको पालना गर्नु पक्ष राष्ट्रको दायित्व हुन आउँछ।

६१. यो मान्यतालाई नेपाल सन्धि ऐन, २०४७ ले आत्मसात गरेको छ। सो ऐनको दफा ९ को उपदफा (१) मा नेपाल पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागू हुने व्यवस्था देखिन्छ। यस्तै उपदफा (२) बमोजिम कुनै सन्धिको कार्यान्वयनका लागि कुनै कानूनी व्यवस्था गर्नुपर्ने रहेछ भने नेपाल सरकारले त्यस्तो सन्धि कार्यान्वयनका लागि यथासम्भव चाँडो कानून बनाउने कारबाही चलाउनुपर्ने देखिन्छ। यसबाट अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्वको पालना गर्नु पक्ष राष्ट्रको दायित्व (General Obligation) हुने मान्यतालाई नेपाल कानूनले आत्मसात गरेको भनी मान्नुपर्ने हुन आउँछ।

६२. यद्यपि लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी गर्दाका बखत नेपाल Single Convention on Narcotic Drugs, 1961 को पक्ष राष्ट्र बनिसकेको अवस्था थिएन। तथापि संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रको हैसियतले संयुक्त राष्ट्र संघकै तत्त्वावधानमा ग्रहण गरिएको उक्त महासन्धिको व्यवस्थाको कार्यान्वयन गर्नु संयुक्त राष्ट्र संघको बडापत्रको पालना एवम्

---

[३५] United Nations Treaty Collection, available at: *https://treaties.un.org/pages/ViewDetails.aspx?src=TREATY&mtdsg_no=VI-18&chapter=6&clang=_en*

[३६] Vienna Convention on the Law of Treaties, 1969, Article 26- ***Pacta Sunt Servanda***- Every treaty in force is binding upon the parties to it and must be performed by them in good faith, available at: *https://legal.un.org/ilc/texts/instruments/english/conventions/1_1_1969.pdf*

[३७] Article 27: Internal law and observance of treaties: A party may not invoke the provisions of its internal law as justification for its failure to perform a treaty. This rule is without prejudice to article 46.

प्रथाजनित अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व मान्नुपर्ने देखिंदा Single Convention on Narcotic Drugs, 1961 को व्यवस्थालाई घरेलु कानूनमार्फत् कार्यान्वयन गर्नु तत्काल अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व नै हुने जाने देखिन्छ। तदनुरूप नै नेपालले संवत् २०३० देखि नै गाँजाको खेती, व्यापार र खरिद बिक्रीलाई प्रतिबन्ध लगाई संवत् २०३३ मा लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी गरी उक्त प्रतिबन्धलाई कानूनी रूप दिएको देखिन्छ।

६३. तर यस सम्बन्धमा महत्त्वपूर्ण प्रश्न के रहेको छ भने एकातर्फ उक्त महासन्धिले गाँजा लगायतका लागू औषधको औषधीय प्रयोगलाई निषेध नगरेको र महासन्धिमा औद्योगिक र बागबानी प्रयोजनका लागि गाँजा खेती गर्न सकिने विशेष व्यवस्था भएको देखिन्छ भने अर्कोतर्फ महासन्धिको धारा ४९[३८] को परिच्छेद (१)' मा पक्ष राष्ट्रले सन्धिका निश्चित व्यवस्थाहरू आफूलाई लागू नहुने भनी आरक्षण (Reservation) राख्न सक्ने व्यवस्था भएकोमा नेपालले सम्मिलन (Accession) मार्फत् उक्त महासन्धिको पक्षराष्ट्र बन्ने क्रममा 29 June 1987 मा देहायका विषयमा आरक्षण (Reservation) को प्रस्ताव प्रस्तुत गरेको देखिन्छ। उक्त प्रस्तावको बेहोरा देहायबमोजिम रहेको छः-[३९]

"His Majesty's Government of Nepal in accordance with article 49 paragraph 1 of the said Convention hereby reserves the right to permit temporarily in its territory:

i. the quasi-medical use of opium;
ii. the use of cannabis, cannabis resin, extracts and tinctures of cannabis for non-medical purposes; and
iii. the production and manufacture of and trade in the drugs referred to under (i) and (ii) above."

६४. अन्तर्राष्ट्रिय कानूनमा अन्तर्राष्ट्रिय महासन्धि वा बहुराष्ट्रिय सन्धिहरूमा सन्धि अन्तर्गतको दायित्व कार्यान्वयन गर्ने क्रममा आरक्षण राख्ने राष्ट्रले आरक्षण गरेको हदसम्म सन्धि

---

[३८] Article 49, TRANSITIONAL RESERVATIONS;

1. A Party may at the time of signature, ratification or accession reserve the right to permit temporarily in any one of its territories:
   a) The quasi-medical use of opium;
   b) Opium smoking;
   c) Coca leaf chewing;
   d) The use of cannabis, cannabis resin, extracts and tinctures of cannabis for non-medical purposes; and
   e) The production and manufacture of and trade in the drugs referred to under a) to d) for the purposes mentioned therein.

[३९] United Nations Treaty Series, 1987. P.321, available at: https://treaties.un.org/Pages/showActionDetails.aspx?objid=0800000280024e66&clang=_en

अन्तर्गतको दायित्वलाई संशोधन गरेको मानिन्छ। Vienna Convention on the Law of Treaties, 1969[४०] ले पनि तदनुरूपकै व्यवस्था गरेको देखिन्छ। International Law Commission ले जारी गरेको Guide to Practice on Reservation to Treaties[४१] ले आरक्षणको वैधता स्थापित भएपछि Treaty relationship लाई आरक्षणको दायरामा सीमित गरिदिने भनी व्याख्या गरेको पाइन्छ। सार्वजनिक अन्तर्राष्ट्रिय कानूनका प्रख्यात विद्वान् Anthony Aust[४२] र Alain Pellet[४३] ले पनि आफ्ना पुस्तक तथा लेखमा पक्षराष्ट्रको दायित्व आरक्षणमा सीमित हुने भनी आरक्षणको कानूनी प्रभाव बारे आफ्नो राय व्यक्त गरेको पाइन्छ।

६५. यस सम्बन्धमा नेपालको कानूनी व्यवस्था हेर्दा नेपाल सन्धि ऐन, २०४७ को दफा २(क) ले "आरक्षण" भन्नाले बहुपक्षीय सन्धिलाई हस्ताक्षर गर्दा वा त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा कुनै पक्षले सो सन्धिको कुनै प्रावधान आफूलाई लागू नहुने भनी गरेको घोषणा सम्झनुपर्छ र सो शब्दले त्यस्तो प्रावधानको व्याख्या कुनै पक्षले आफ्नो हकमा स्पष्ट गरी गरेको घोषणा समेतलाई जनाउनेछ भनी परिभाषा गरेको सन्दर्भमा सो ऐनको उक्त व्यवस्थाअनुसार नेपालले आरक्षण राखेको विषय जतिमा नेपालको हकमा उक्त महासन्धिको व्यवस्था आकर्षित हुनसक्ने देखिएन।

६६. अब, अन्तर्राष्ट्रिय सन्धिहरूमा आरक्षण राख्नुपर्ने आवश्यकताका सम्बन्धमा नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका, २०७७ को दफा १५ ले सन्धिमा आरक्षण राख्ने व्यवस्था भएमा देहायको अवस्थामा आरक्षण राख्न सकिनेछ भन्ने व्यवस्था गरेको देखिन्छ। जुन यसप्रकार रहेको छः-

(क) सन्धिको कुनै व्यवस्था नेपालको संविधान वा प्रचलित कानून अनुकूल नभएमा,

(ख) सन्धिको कुनै व्यवस्था कार्यान्वयन गर्न नेपालको स्रोत, साधन तथा प्रशासनिक क्षमताबाट नसकिने भएमा, वा

---

[४०] Vienna Convention on the Law of Treaties, 1969, Article 21(1)
(a) modifies for the reserving State in its relations with that other party the provisions of the treaty to which the reservation relates to the extent of the reservation; and
(b) modifies those provisions to the same extent for that other party in its relations with the reserving State. 2.

[४१] UNDOC/A66/10

[४२] Anthony Aust; **Modern Treaty Law and Practice**, 3rd ed., Cambridge University preses. 2013 ch.8

[४३] Alian pellet; **The ILC /guide to practice on reservation to Treaties: A general Presentation by the special rapporteur**, (2013) 24(4) *European Journal of intern.. law*, 1061-1097

(ग) सन्धिमा रहेको प्रावधान वा अन्य कुनै आधारमा आरक्षण राख्न उपयुक्त देखिएमा।

६७. सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका, २०७७ को उल्लिखित व्यवस्थाको आलोकमा Single Convention on Narcotic Drug, 1961 मा नेपालले राखेको आरक्षणलाई हेर्दा उक्त महासन्धिमा नेपाल पक्ष बन्नुभन्दा अगाडि नै जारी भएको लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा (४) को प्रतिबन्धात्मक व्यवस्थाले नेपाल सरकारले नियम बनाई पश्चिम नेपालमा प्राकृतिक रूपमा आफैं उम्रने गाँजाबाट चरेस बनाउने लगायतका गाँजाको कारोबार गर्न सक्ने तथा सो ऐनले गाँजाको औषधीय प्रयोगलाई पूर्ण रूपमा स्वीकार गरेको कानूनी व्यवस्थालाई हृदयङ्गम गरेको देखिन आउँछ। साथै सो आरक्षणले राज्यले गाँजा नेपालको एक महत्त्वपूर्ण प्राकृतिक स्रोत भएकाले यसलाई औषधीय प्रयोग बाहेकका अन्य औद्योगिक वा व्यावसायिक प्रयोगमा समेत ल्याई यसको अधिकतम लाभ लिन सकिने नीतिलाई ध्यान दिएको देखिन आउँछ। वस्तुतः आरक्षण राज्यले प्रयोग गर्ने आफ्नो सार्वभौम अधिकारको प्रयोग समेत भएकाले आरक्षणलाई राज्यको आर्थिक, सामाजिक वा सांस्कृतिक वैशिष्ट्यका रूपमा समेत लिन सकिन्छ।

६८. उक्त महासन्धिमा नेपालले राखेको आरक्षणका विषय हेर्दा महासन्धिको धारा ४९ ले खुला गरेको आरक्षणका विविध विषयहरूमध्ये नेपालले मुख्य गरी अफिमको अर्ध औषधीय (Quasi-Medical) प्रयोग र गाँजा तथा गाँजाजन्य पदार्थको गैरऔषधीय (Non-medical) प्रयोग तथा यसको उत्पादन, तैयारी र व्यापारमा सन्धिका व्यवस्था लागू नहुने भन्ने देखिन आउँछ। संयुक्त राष्ट्र संघीय अभिलेख हेर्दा उक्त आरक्षणको प्रस्तावमा अन्य सदस्य राष्ट्रले असहमति जनाएको नदेखिई सो आरक्षण प्रस्ताव स्वीकृत भएको अवस्था हुँदा[४४] नेपालले उक्त सन्धिको सबै प्रावधानलाई समुचा स्वीकार नगरी गाँजा खेती, उत्पादन र यसको प्रयोगसम्बन्धी प्रावधान लागु हुनबाट आफूलाई अलग राखेको वा सो हदसम्म त्यसको प्रभाव सीमित गरेको देखियो। उक्त आरक्षण प्रस्तावअनुसार नेपालले गाँजाको औद्योगिक वा व्यावसायिक उत्पादन गर्न महासन्धिको व्यवस्था बाधक हुने देखिएन।

६९. Single Convention on Narcotic Drugs, 1961 मा राखेको आरक्षणको विश्लेषण गर्दा सो महासन्धिले लागू औषधलाई पूर्णतः औषधीय र वैज्ञानिक अनुसन्धानमा सिमित गर्ने र अफिम तथा गाँजालाई औद्योगिक प्रयोग आदिमा नियन्त्रित उत्पादन गर्न सकिने भए तापनि नेपालले

---

[४४] United Nations Treaty Series, 1987, available at: https://treaties.un.org/doc/Publication/UNTS/Volume%201465/volume-1465-A-14152-English French.pdf

सो महासन्धिमा राखेको आरक्षणले गाँजाको Non-medical प्रयोग एवम् सोका लागि उत्पादन, तैयारी तथा बिक्री वितरणसमेत गर्न पाउने अधिकार सुरक्षित गरेको देखिन्छ। उक्त आरक्षणको व्यवस्थाअनुसार गाँजाको औषधीय प्रयोगको अतिरिक्त अन्य प्रयोजनका लागिसमेत आवश्यक कानूनी वा अन्य प्रशासनिक संयन्त्रहरूको व्यवस्था गरी नियन्त्रित उत्पादन गर्न सक्ने नै देखियो।

७०. यस सन्दर्भमा गाँजाको खेती, उत्पादन, सेवन र बिक्री वितरण लगायतका कारोबारलाई आंशिक वा पूर्ण रूपमा वैधता दिएका केही देशका कानूनी व्यवस्थाका बारेमा समेत सङ्क्षिप्तमा चर्चा गर्नु सान्दर्भिक देखिन आयो। यस सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले गरेको पूर्व अभिव्यक्त अध्ययन प्रतिवेदनअनुसार सन् २०२३ अगस्टसम्म विश्वका चालीसभन्दा बढी देशहरूले गाँजा खेतीलाई पूर्ण वा आंशिक (औषधीय प्रयोजन वा वैज्ञानिक अनुसन्धानका लागि) वैधता प्रदान गरेको देखिन्छ। जसमा कतिपय देशहरूले गाँजालाई औषधीय र मनोरञ्जनात्मक दुबै प्रयोजनका लागि र कतिपय देशले औषधीय प्रयोजनका लागि मात्र खुला गरेको देखिन्छ। गाँजाको गैरअपराधीकरण सम्बन्धी केही देशका कानूनी व्यवस्था देहायबमोजिम देखिन्छः-

७१. **उरुग्वे:** दक्षिण अमेरिकी राज्य उरुग्वेले गाँजा खेती, उत्पादन, तैयारी र सेवन लगायत गाँजाको सबै कारोबारलाई कानूनी रूपमा वैधता प्रदान गरेको छ।[४५] सन् २०१० मा पहिलो पटक व्यक्तिगत प्रयोगका लागि घरमै भाङ खेती गर्न अनुमति दिने विधेयक प्रस्ताव गरिएको थियो।[४६] पछि जुन २०,२०१२ मा राष्ट्रपति जोसे मुजिकाले सार्वजनिक स्वास्थ्यमा सुधार गर्न र देशले सामना गरिरहेको बढ्दो हिंसा तथा लागूपदार्थ दुरुपयोगको समस्या सम्बोधन गर्न गाँजाको उत्पादन, वितरण र उपभोगलाई वैध बनाउने १५- बुँदे योजना "Strategy for Life and Coexistence" को हिस्सास्वरूप गाँजाको वैधानीकरणसम्बन्धी विधेयक कंग्रेसमा पेस गरेका र कानुनको रूपमा डिसेम्बर २४, २०१३ मा हस्ताक्षर भएको थियो। मे २, २०१४ मा मात्र सरकारले आवश्यक नियमहरू जारी गरी १८ वर्षभन्दा माथिका गाँजा प्रयोगकर्ताहरूलाई तीन किसिमले गाँजामा पहुँच दिएको देखिन्छ[४७]। जसअनुसार; <u>पहिलो</u>

---

[४५] John Walsh, **Uruguay's Drug Policy: Major Innovations, Major Challenges,** Washington Office on Latin America, available at:.*https://www.brookings.edu/wp-content/uploads/2016/07/Walsh-Uruguay-final.pdf*

[४६] Rodrigo Pulido Moreno, **Cannabis in Uruguay : A case study of the regulated cannabis market in Uruguay**, 2017, available at: *https://www.academia.edu/157004652*

[४७] **Benefits of Legalizing Marijuana in Uruguay,** *The Brojen Project*, available at: *https://borgenproject.org/legalizing-marijuana-in-uruguay/*

गाँजा नियन्त्रण बोर्ड (*Instituto de Regulacióny Control de Cannabis, IRCCA*) मा नाम दर्ता गराई अनुमतिप्राप्त फार्मेसीहरूबाट प्रेस्क्रिप्सन सहित वा बिना ४० ग्राम सम्म (प्रति हप्ता १० ग्राम) गाँजा खरिद गर्न सक्ने; **दोस्रो** IRCCA मा पहिला बिरुवा दर्ता गरी व्यक्तिगत उपभोगका लागि प्रति घरधुरी ६ Female flowering cannabis plants उमार्न सक्ने तर कुल वार्षिक उत्पादन ४८० ग्रामभन्दा बढी हुन नहुने; र **तेस्रो** अरूसँग मिलेर सामूहिक रूपमा गाँजा खेती गर्न पहिले IRCCA र सम्बन्धित अधिकारीहरूकोमा दर्ता गराई सहकारी प्रकृतिका "क्यानाबिस क्लबहरू" मा सामेल हुन सक्ने भन्ने देखिन्छ।[४८]

७२. यसप्रकार, उरुग्वेले गाँजालाई घरेलु, मनोरञ्जनात्मक र औषधीय प्रयोजनका लागि पूर्णत वैध गराएको एक दशकपश्चात् सन् २०२३ मा गरिएको एक अध्ययनले देशमा लागूपदार्थ तस्करीका दरहरूमा कमी आएको, वार्षिक कुल गार्हस्थ्य उत्पादनमा वृद्धि भएको र निर्यात दोब्बरले बृद्दी भएको र यसबाट प्राप्त आय समतामूलक र सामाजिक कल्याण कार्यक्रममा खर्च गरिएको देखाएको छ[४९] भने स्वास्थ्य तथा मानव कल्याण विभागको सोही वर्ष गरिएको अर्को अध्ययनले १८.७ प्रतिशत गाँजा प्रयोगकर्ता १८ वर्ष मुनिका (१२ वर्ष माथिका) किशोरहरू रहेको र ५.८ प्रतिशत प्रयोगकर्ताले तोकेको मापदण्ड पूरा नगरी गाँजा प्रयोग गरेको देखिएको थियो।[५०] साथै, उरुग्वेले गाँजालाई गैरअपराधीकरण गरेको विषयलाई यसले सार्वजनिक स्वास्थ्य र विशेष गरी किशोर किशोरीहरूमा गहिरो नकारात्मक प्रभाव पार्ने भनी अन्तर्राष्ट्रिय लागू औषध नियन्त्रण बोर्ड (INCB, International Narcotics Control Board) ले उरुग्वेले गरेको गाँजाको वैधानिकीकरणको कानूनी Model लाई अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गतको दायित्वको उल्लङ्घन हो भनी निन्दा गरेको थियो।[५१]

७३. **न्युजिल्याण्ड:** न्युजिल्याण्डको Misuse of Drugs Act, 1975 ले गाँजा खेती उत्पादन, सेवन तथा अन्य कारोबारलाई कसूरका रूपमा निषेध गरेको भए तापनि १३ अगस्ट २०१९ देखि लागू भएको Misuse of Drugs Amendment Act, 2019 ले साविकको ऐनमा भएको गाँजासँग सम्बन्धित व्यवस्थाहरूमा महत्त्वपूर्ण संशोधन गरी रजिष्टर्ड चिकित्सक वा नर्सको सिफारिसमा

---

[४८] Ibid.

[४९] Ibid.

[५०] Ibid.

[५१] UNIS/NAR/1186 19 November, 2013
https://www.incb.org/incb/uploads/documents/Publications/PressRelease/PR2013/press_release_191113e.pdf

Controlled drug का रूपमा यसको प्रयोग गर्न सकिने व्यवस्था गरेको देखिन्छ।[५२]

७४. उक्त संशोधनले गाँजालाई उपचारात्मक प्रयोजन र खासगरी दुखाई कम गर्ने औषधीका रूपमा प्रयोग गर्न सकिने व्यवस्था गरेको देखिन्छ। संशोधित ऐनको दफा 8(6A) ले "Despite section 7(1)(a), a person who has a certificate from a medical practitioner or nurse practitioner certifying that the person requires palliation may procure, possess, consume, smoke, or otherwise use any plant or plant material of the genus Cannabis or any cannabis preparation" भन्ने व्यवस्था गरेको देखियो। सो संशोधनले उपचारका लागि गाँजा सञ्चय वा सेवन गरेको देखिएमा अनुसन्धान अधिकारीले अभियोजन नगर्न सक्ने व्यवस्था गरेको देखिन्छ।[५३] यसबाट न्युजिल्याण्डले गाँजालाई सामान्य रूपमा गैरअपराधीकरण नगरी निषेधित कसूरकै रूपमा कायम गरेर पनि यसको औषधीय प्रयोगलाई नियन्त्रित रूपमा वैधानिकता दिएको देखियो।

७५. न्युजिल्यान्डले मनोरञ्जनात्मक प्रयोजनका लागि गाँजाको प्रयोग गर्न उचित हुने वा नहुने भन्ने सम्बन्धमा १७ अक्टोबर २०२० मा The Cannabis Legalization and Control Bill तयार गरी "Do you support the proposed Cannabis Legalization and Control Bill?" भन्ने प्रश्नमा जनमत सङ्ग्रह गराएको थियो। उक्त जनमत संग्रहमा सो Bill पारित हुनुपर्छ भन्ने पक्षमा ४८.४ र सोको विपक्षमा ५०.७ प्रतिशत मत परेका कारण मनोरञ्जनात्मक प्रयोजनका लागि गाँजा सेवन गर्न सकिने गरी तयार भएको कानून पारित गर्ने प्रक्रिया भने रोकिएको थियो।[५४]

७६. **संयुक्त राज्य अमेरिका:** संयुक्त राज्य अमेरिकामा गाँजालाई एक जटिल वैधानिक स्थिति भएको विषयका रूपमा लिइन्छ। अमेरिकी संघीय कानूनले अन्य लागू औषधसरह नै गाँजालाई पनि कुनै पनि प्रयोजनका लागि खेती तथा यसको बिक्री वितरण र प्रयोगलाई वैध मानेको छैन। अमेरिकाको संघीय The Controlled Substances Act (CSA) 1970 ले जुनसुकै प्रयोजनका लागि गरिएको गाँजाको खेती वा अन्य प्रयोगलाई निषेधित कसूरका रूपमा परिभाषित गरी narcotics-control regime को संरचनाभित्र समावेश गरेको पाइन्छ।[५५] यसले

---

[५२] Misuse of Drugs (Medicinal Cannabis) Amendment Act, 2018, New Zealand Legislation

[५३] Ibid.

[५४] Media release, Nov 6, 2020, **Official referendum results released**, available at: *https://elections.nz/media-and-news/2020/official-referendum-results-released?utm*

[५५] Passed as Title II of the Comprehensive Drug Abuse Prevention and Control Act of 1970 and signed into law by President Richard Nixon on October 27, 1970; available at: https://www.drugs.com/csa-schedule.html

गाँजालाई ऐनको Schedule I मा राखेर त्यसको उत्पादन, वितरण र सञ्चयलाई अन्य लागू औषधसरह नै कडा संघीय नियन्त्रणमा राखेको देखिन्छ। तर संयुक्त राज्य अमेरिकाका कतिपय राज्यले आफ्नो राज्य कानूनअन्तर्गत गाँजा खेती, व्यवसाय र यसको प्रयोगलाई वैधता दिने र गैरअपराधीकरण गरेका कारण द्वैध कानूनी संरचना बनी गाँजाको वैधानिक स्थिति जटिल बनेको देखिन्छ। तथापि गाँजालाई वैधानिकता दिने वा गैरअपराधीकरण गर्ने राज्य कानूनतर्फ भने संघले हस्तक्षेप नगरी उदार र सहनशील बनेको देखिन आउँछ। सन् २०२५ को अगस्टसम्मको तथ्याङ्कअनुसार अमेरिकामा ४१ राज्यहरूले औषधीय प्रयोजनका लागि गाँजालाई वैध गरेका छन्। तीमध्ये २४ राज्यले औषधीय र मनोरञ्जनात्मक प्रयोजनका लागि वैध गरेका छन्।[५६] क्यालिफोर्नियाले १९९६ मा Compassionate Use Act, 1996 संशोधन गरी गाँजालाई औषधीय प्रयोजनको लागि वैधानिकीकरण गरेको देखिन्छ। कोलोराडो गाँजालाई मनोरञ्जनात्मक प्रयोगका लागि वैधानिकता दिने अमेरिकाको पहिलो राज्य हो। यहाँका १० राज्यमा भने गाँजाको औषधीय तथा मनोरञ्जनात्मक दुबै प्रयोग अवैध छ।[५७]

७७. यस अतिरिक्त, हालै अमेरिकी सङ्घीय कानून The Controlled Substances Act (CSA), 1970 को अनुसूचीमा संशोधन गरी गाँजालाई पूर्ण निषेधित (Schedule I) लागू औषधबाट औषधीय प्रयोजनका लागि प्रयोग गर्न सकिने निषेधित पदार्थको सूची (Schedule III) मा सार्ने विषयमा Department of Justice/ Drug Enforcement Administration ले प्रक्रियाको थालनी गरेको भन्ने समेत सो विभागको वेबसाइटबाट खुल्न आउँछ।[५८]

७८. यसबाट अमेरिकी राज्यहरूले गाँजालाई पूर्ण प्रतिबन्ध लगाउने, औषधीय प्रयोजनका लागि वैधता दिने, मनोरञ्जनका लागि गैरअपराधीकरण गर्ने र मनोरञ्जनका लागि वैधता दिने चार पृथक नीतिगत दृष्टिकोण लिएको देखिन्छ।

७९. गाँजालाई गैरअपराधीकरण गरेका वा वैधता दिएका अमेरिकी राज्यहरूमा यसको प्रभावका

---

[५६] As of 2025, cannabis is fully legal for both recreational and medical use in the following U.S. states: California, Colorado, Washington, Oregon, Alaska, Nevada, Michigan, Illinois, Massachusetts, Maine, Vermont, New York, New Jersey, Montana, Arizona, Virginia, New Mexico, Connecticut, Rhode Island, Maryland, Missouri, Delaware, and Minnesota; available at: *https://theonegrow.co.za/blogs/blog/which-countries-have-legalised-marijuana*

[५७] C. Hansen *et. al*., (2023) **Where is Majijuana legal? A guide to Marijuana legalization,** *US News*, available at: *https://www.usnews.com/news/best-states/articles/where-is-marijuana-legal-a-guide-to-marijuana-legalization* and B. Lozier et.al.(2023) **State approaches to marijuana policy,** The Council of State Government, available at: *https://www.csg.org/2023/02/13/state-approaches-to-marijuana-policy/*

[५८] DEA Hearing on Proposed Marijuana Rescheduling Begins June 29, available at: *https://www.dea.gov/press-releases/2026/06/25/dea-hearing-proposed-marijuana-rescheduling-begins-june-29?utm*

सम्बन्धमा विभिन्न अध्ययन अनुसन्धान भएको पाइन्छ। खासगरी गाँजालाई गैरअपराधीकरण गरेका California, Colorado र Michigan लगायतका राज्यमा गाँजाको औषधीय र मनोरञ्जनात्मक प्रयोजनका लागि cannabis उद्योगहरू फष्टाएको, यसबाट बजारमा महत्त्वपूर्ण अवसरहरू सिर्जना गरेको र राजस्व सङ्कलनले नयाँ उचाई कायम गरेको तथ्याङ्कहरू सार्वजनिक भएको पाइन्छ।[५९]

८०. सोविपरीत अमेरिकामा गरिएको कतिपय अध्ययन अनुसन्धानहरूले लागू औषध गाँजाको सेवनबाट गम्भीर व्यक्तिगत तथा सामाजिक समस्याहरू निम्त्याएको पनि देखाएको छ। लागूपदार्थको प्रयोग र स्वास्थ्यसम्बन्धी राष्ट्रिय सर्वेक्षण (National Survey on Drug Use and Health, NSDUH) ले गाँजाका प्रयोगकर्ता निरन्तर बढिरहेका, १२ वर्ष सम्मका व्यक्तिहरूले यसको प्रयोग गरेको र धेरै प्रयोगकर्तामा Clinically recognized cannabis use disorder देखा परेको, जसका कारण विद्यालय वा काममा जिम्मेवारी पूरा गर्न नसक्ने; पारिवारिक वा interpersonal समस्याहरू आउने; महत्त्वपूर्ण सामाजिक वा recreational activities मा कमी आउने र चाहाँदा चाहाँदै पनि गाँजा प्रयोगलाई नियन्त्रण गर्न नसक्ने जस्ता स्वास्थ्य तथा सामाजिक प्रभावहरू देखाएको पाइन्छ।[६०]

८१. Pew Research Center ले January 16-21, 2024 मा ५१४० अमेरिकी नागरिकहरूमा गरेको एक सर्वेक्षणले ८८ प्रतिशत अमेरिकीहरू गाँजाको वैधानिकीकरणको पक्षमा रहेको देखाएको छ[६१] तर NSDUH को अनुसन्धानहरूले अमेरिकामा Cannabis को प्रयोगलाई Criminal Prohibition, Decriminalization वा Legal regulation मध्ये के गर्ने वा कुन नीति उपयुक्त छ भन्ने सम्बन्धमा कुनै निष्कर्ष दिएको देखिंदैन। तर यसका प्रयोगकर्ताको उल्लेखनीय हिस्सामा Cannabis use disorder देखिएकाले यसलाई केवल फौजदारी कानूनको विषयका

---

[५९] दृष्टान्तका लागि कोलोराडो राजस्व विभागका अनुसार सन् २०२५ मा गाँजा बिक्री र कर राजस्वबाट दुई सय छत्तीस मिलियन अमेरिकी डलर आम्दानी गरेकोको थियो। हेर्नुहोस्: Hana Al Hallaj and Zahraa Barakat,(2025) **Medical cannabis legalization and the use of illicit drugs, alcohol, and tobacco**, *Journal of Cannabis Research*, available at: *https://link.springer.com/content/pdf/10.1186/s42238-025-00324-5.pdf*
Reports from **Investopedia and MJBizDaily**, available at: https://mjbizdaily.com/news/chart-us-marijuana-industrys-economic-impact-could-reach-80-billion-by-2022/94128/
A Report from **The Conversation**, Cannabis legalization spurs innovation, but not always in ways that benefit patients or public health, available at: *https://theconversation.com/cannabis-legalization-spurs-innovation-but-not-always-in-ways-that-benefit-patients-or-public-health-277422*

[६०] **NSDUH Annual National Report**, 2023, CBHSQ Data, July 30, 2024, available at: https://www.samhsa.gov/data/report/2023-nsduh-annual-national-report

[६१] **Most Americans Favor Legalizing Marijuana for Medical, Recreational Use**, March 26, 2024, available at: *https://www.pewresearch.org/politics/2024/03/26/most-americans-favor-legalizing-marijuana-for-medical-recreational-use/?utm*

रूपमा मात्र नभई सार्वजनिक स्वास्थ्यको विषयका रूपमा समेत हेरिनुपर्ने आधारहरू प्रदान गरेको देखिन्छ।

८२. **क्यानडा:** सन् २०१८ सम्म परम्परागत रूपमा गाँजाको खेती, उत्पादन, तैयारी तथा सेवन र बिक्री वितरण आदिलाई फौजदारी कसूरका रूपमा निषेध गरेको क्यानडाले लामो छलफल, व्यापक तयारी र राष्ट्रियस्तरमा गरेको गम्भीर परामर्श र बहसपश्चात् २१ जुन २०१८ मा Cannabis Act, S.C. 2018 जारी गरी सो ऐनले तोकेको सीमाभित्र रही गाँजाको चिकित्सकीय र गैरचिकित्सकीय प्रयोगलाई वैधानिकता दिएको पाइन्छ।[६२] १७ अक्टुवर २०१८ मा लागू भएको सो ऐनको उद्देश्य बालबालिका तथा युवाको गाँजामा पहुँच सीमित गर्ने, अवैध गाँजा बजार तथा संगठित अपराध घटाउने, उत्पादन तथा बिक्रीमा गुणस्तर र सुरक्षा मापदण्ड कायम गर्ने, फौजदारी न्याय प्रणालीमाथिको भार कम गर्ने र गाँजाको स्वास्थ्यसम्बन्धी जोखिमबारे सार्वजनिक जानकारी उपलब्ध गराउने रहेको देखिन्छ। उक्त ऐनले गाँजाको औषधीय प्रयोगका लागि छुट्टै Medical Framework मा रहेर र गैरऔषधीय प्रयोगका लागि सो ऐनले तोकेको कार्यविधि र सीमाभित्र रहेर प्रयोग गर्न सकिने तर सो बाहेकको गाँजाको प्रयोगलाई यथावत फौजदारी कसूरका रूपमा कायम राखेको देखिन्छ। सो ऐनले संघीय कानूनको सीमाभित्र रहेर वयस्क व्यक्तिले अधिकतम ३० ग्राम सम्म dried cannabis सार्वजनिक स्थानमा राख्न सक्ने, इजाजतप्राप्त विक्रेताबाट खरिद बिक्री गर्न सक्ने र प्रान्तीय वा स्थानीय नियमले अनुमति दिएको स्थानमा सेवन गर्न सकिने व्यवस्था गरेको देखिन्छ।[६३] तर सो ऐनले गाँजालाई पूर्णरूपमा गैरअपराधीकरण गरेको नभई यसको कडा नियमन गरी नियन्त्रित प्रयोगलाईसम्म वैधता दिएको छ। गाँजाको अवैध बिक्री वितरण, सीमापार व्यापार र ऐन विपरीतको कार्यलाई फौजदारी कसूरका रूपमा यथावत कायम राखेको देखिन्छ। क्यानडा निगरानी र नियमनसहित गाँजालाई वैधानिकीकरण गर्ने विश्वको पहिलो प्रमुख औद्योगिक राष्ट्र हो। Health Canada ले legalisation अघि २०१७मा र त्यसपछि हरेक वर्ष Canadian Cannabis Survey (CCS) सञ्चालन गर्दै आएको छ। यसको उद्देश्य गाँजाको प्रयोग, खरिदको स्रोत, प्रयोगको frequency, health effects, impaired driving आदिमा

---

[६२] Government of Canada, Cannabis Act S.C. 2018, available at: *https://laws-lois.justice.gc.ca/eng/acts/c-24.5/fulltext.html?utm*

[६३] Ibid., Section 7

legalization पछि आएको परिवर्तन मापन गर्नु रहेको देखिन्छ।[६४]

८३. **भारत:** परापूर्वदेखि भारतमा प्रयोग हुँदै आएको आयुर्वेद, सिद्ध र युनानी चिकित्सा पद्धतिमा गाँजालाई औषधीय महत्त्वको वनस्पतिका रूपमा लिइने[६५], सयौं वर्षदेखि यसको औद्योगिक प्रयोग हुंदै आएको एवम् अन्य धार्मिक तथा सामाजिक सांस्कृतिक कारणले समेत भारतीय समाज तुलनात्मक रूपमा गाँजाप्रति उदार र सहनशील मानिन्छ।[६६] तथापि गाँजाको अनियन्त्रित प्रयोगले भारतीय समाजमा ल्याउन सक्ने समस्याहरूको अध्ययन गर्ने उद्देश्यले British India कालमा सन् १८९३ मा नै British Parliament ले W. Mackworth Young को अध्यक्षतामा एक Indian Hemp Drugs Commission गठन भएको देखिन्छ।[६७] उक्त कमिसनले तत्समयमा नै गाँजाको प्रयोगलाई पूर्ण रूपमा निषेध नगरी बिक्रीका लागि इजाजत प्रणाली लागू गर्ने, पसल खोल्नु अगाडि स्थानीय स्तरमा छलफल परामर्श गर्नुपर्ने, सोमा कर लगाउने उमेर नपुगेका लगायत खास वर्गका व्यक्तिहरूले खरिद गर्न नपाउने, खेती तथा उत्पादनमा कडा सरकारी निगरानी राख्ने र व्यक्तिगत रूपमा गरिने सञ्चयमा सीमा (गाँजा, चरेस पाँच तोला, भाङ्ग एक चौथाई सेर) लगाउनुपर्ने जस्ता नियमनकारी उपायहरू अवलम्बन गर्नुपर्ने सिफारिस सहितको प्रतिवेदन पेस गरेको पाइन्छ।[६८] सो सिफारिसबमोजिम नै Dangerous Drugs Act, 1930 लाइसेन्स तथा कर लगायतका माध्यमबाट गाँजा नियमन गरेकोमा सो ऐनलाई खारेज गरी १९८५ मा जारी गरिएको The Narcotic Drugs & Psychotropic Substances (NDPS) Act, 1985 ले गाँजाको उपयोगलाई मूल रूपमा अवैध र दण्डनीय बनाएको छ। उक्त कानून भारतले Narcotic drug control को अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व निर्वाह गर्ने सन्दर्भमा जारी गरेको देखिन्छ।[६९]

८४. यद्यपि भारत Single Convention on Narcotic Drug, 1961 जारी गर्ने प्रक्रियामा सक्रिय

---

[६४] Government of Canada, **Canadian Cannabis Survey, 2024**: Summary, available at: *https://www.canada.ca/en/health-canada/services/drugs-medication/cannabis/research-data/canadian-cannabis-survey-2024-summary.html?utm*

[६५] तर Dominik Wujastyk ले अथर्व वेदमा उल्लिखित भाङ्ग शब्दले गाँजालाई नै जनाउने हो वा होइन भन्ने सम्बन्धमा फरक फरक दृष्टिकोण रहेको बताएका छन्। हेर्नुहोस्: Dominik Wujastyk, **The Roots of Ayurveda: Selections from Sanskrit Medical Writings,** 2nd. Ed., Penguin Books, 2001, New Delhi 2001.

[६६] J. Govindasamy *et.al.*(2022), **Traditional, Cultural and nutraceutical aspects of cannabis in India**. *Cannabis/Marijuana for Healthcare* (P.301-319), available at: *https://doi.org/10.1007/978-981-16-8822-5_15*

[६७] **Reports of the Indian Hemp Drug Commission**, 1893-94, Harding Simpole Ltd., UK, 2010, available at: *https://welcomecollectionn.org/works/ugn4vdz3/items?canvas=6*

[६८] Ibid.

[६९] पूर्वपाद टिप्पणी, ६६

सहभागी राष्ट्रको सूचीमा देखिन्छ तथापि गाँजालाई कोका लगायतका अन्य गम्भीर र हानिकारक लागूपदार्थको कोटीमा राखी वर्गीकरण गर्ने संयुक्त राष्ट्रसंघीय प्रस्तावको विरोध गरेको[७०] र गाँजाको गैरऔषधीय प्रयोग गर्न सक्ने अधिकार सुरक्षित राख्ने गरी Single Convention on Narcotics Drugs, 1961 को धारा ४९ बमोजिम सो महासन्धिमा आरक्षण राखेको देखिन्छ।[७१]

८५. The Narcotic Drugs & Psychotropic Substances (NDPS) Act, 1985 को दफा २ को खण्ड (iii) ले Cannabis (hemp) को परिभाषा गर्दा नै चरेस, गाँजा र सोको मिश्रणबाट बनाइएको खाद्य वा पेय पदार्थ भनी तीन किसिमले वर्गीकरण गरी[७२] तीनै पदार्थलाई छुट्टाछुट्टै नियमन र नियन्त्रणका संयन्त्र बनाएको देखिन्छ। खण्ड (b) ले गरेको गाँजाको परिभाषामा पनि The flowering or fruiting tops of the cannabis plant (excluding the seeds and leaves when not accompanied by the tops), by whatever name they may be known or designated भनी गाँजा/भाङ्गको (बोट) को दाना वा फूल लाग्ने भागलाई मात्र गाँजाको परिभाषामा समेटी दाना/फूलको भाग (tops) बाट अलग गरिएको पात वा यसको दानालाई र गाँजाको पात वा दानाबाट बनाइएको परम्परागत खाद्य वा पेयपदार्थलाई लागू औषध गाँजाको परिभाषाबाट बाहेक गर्ने उद्देश्य राखेको देखिन्छ।[७३] सो सम्बन्धमा भारतको Punjab-Haryana High Court ले Anav Jain vs State Of Haryana भएको मुद्दा[७४] लगायतका कतिपय मुद्दामा flowering or fruiting tops नभएको गाँजाको पात NDPS ऐनले निषेध गरेको निषेधित लागू औषधको परिभाषाभित्र नपर्ने भनी व्याख्या गरेको पाइन्छ।

---

[७०] United Nations Treaty Collection; available at: *https://treaties.un.org/Pages/ViewDetails.aspx?src=IND&mtdsg_no=VI-17&chapter=6&clang=_en* See also; Manavi Kapur (IDPC), *How did marijuana become illegal in India?* Quartz India, available at: https://idpc.net/news/2020/09/how-did-marijuana-become-illegal-in-india

[७१] Ibid., United Nations Treaty Collections.

[७२] The NDPS Act, 1985, Section 2 (iii) cannabis (hemp) is defined as: *(a) Charas - a separated resin, in whatever form, whether crude or purified; obtained from the cannabis plant, which also includes the concentrated preparation and resin known as hashish oil or liquid hashish; (b) ganja - the flowering or fruiting tops of the cannabis plant, (excluding the seeds and leaves when not accompanied by the tops), by whatever name they may be known or designated; and (c) any mixture, with or without any natural material, of any of the above forms of cannabis or any drink prepared therefrom.*

[७३] Yatan Pal Singh Balhara and Shachi Mathur; **Bhang - beyond the purview of the narcotic drugs and psychotropic substances act,** *National Library of Medicine*, available at: *https://pmc.ncbi.nlm.nih.gov/articles/PMC4220341/*

[७४] Punjab-Haryana High Court, **Anav Jain vs State Of Haryana,** decided on 1 Dec. 2022, available at: *https://indiankanoon.org/doc/118707851/?utm*, **Jain N. Sevaram vs State of Rajasthan,** decided on 2 December, 1992. Rajasthan High Court 1992, available at: *http://indiankanoon.org/doc/1779400/?type=print* and **Mittal S. and Arjun Singh vs State of Haryana,** decided on 21 August, 2004. Punjab-Haryana High Court. 2004, available at: *http://indiankanoon.org/doc/1453257*

८६. उक्त ऐनको दफा ८ ले औषधीय वा वैज्ञानिक प्रयोजनका लागि सरकारले बनाएको नियम बमोजिम इजाजत अनुमति लिएकोमा बाहेक कसैले पनि गाँजा लगायत सो ऐनले निषेध गरेका लागू पदार्थको खेती, उत्पादन, तैयारी, सञ्चय, भण्डारण, निकासी पैठारी वा बिक्री वितरण गर्नलाई सामान्यत: निषेध गरेको देखिन्छ। तथापि ऐनको दफा १४ ले गाँजा खेतीसम्बन्धी विशेष व्यवस्था गरी सो ऐनको दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक/व्यावसायिक वा बागबानी प्रयोजनका लागि सरकारले छुट्टै आदेश जारी गरी सो आदेशमा तोकिएको शर्तको पालना गर्ने गरी गाँजा खेती गर्न अनुमति दिन सक्ने विशेष व्यवस्था गरेको पाइन्छ। जुन यस प्रकार छ:-

> 14. Special provision relating to cannabis - Notwithstanding anything contained in section 8, Government may, by general or special order and subject to such conditions as may be specified in such order, allow cultivation of any cannabis plant for industrial purposes only of obtaining fiber or seed or for horticultural purposes.

८७. ऐनको उल्लिखित व्यवस्थाले भारतीय कानूनले औद्योगिक/व्यावसायिक वा बागबानी प्रयोजनका लागि सरकारले नियम बनाई सो नियमबमोजिम प्राप्त अनुमतिमा तोकिएको शर्तबमोजिम गाँजा खेती गर्न सक्ने देखिन्छ। ऐनको दफा १० ले सो प्रयोजनका लागि उक्त अधिकार राज्य सरकारलाई दिएको देखिन्छ (तर चरेसलाई बाहेक गरेको छ)। जसअनुसार राज्य सरकारले दिने इजाजतपत्रमा गाँजा खेती गर्न निश्चित क्षेत्र तोक्न सक्ने, सो इजाजत नपाइकन कोही पनि व्यक्तिले गाँजा खेती गर्न नसक्ने व्यवस्था गर्ने, उत्पादित सम्पूर्ण गाँजा राज्य सरकारले तोकेको अधिकारीलाई बुझाउनुपर्ने र गाँजाको मूल्यसमेत राज्यले निर्धारण गर्न सक्ने लगायतका अधिकार भएको देखिन्छ।[७५]

---

[७५] Section 10. Power of the State Government to permt, control and regulate
(1) Subject to the provision of the section 8, the State Government may, by rules-
(a) permit and regulate .....
iii) the cultivation of any cannabis plant , production, manufacture, possesion, transport, import inter -state, export inter-state, sale, purchase, consumption or use of cannabis (excluding charas)
(2) In particular and without prejudice to the generality of the foregoing power forgoing power, such rules may,.....
(b) provide that the limits within which licences may be given for the cultivation of any cannabis plant shall be fixed from time to time by or under the orders of the State Government;
(c) provide that only the cultivators licensed by the prescribed authority of the State Government shall be authorised to engage in cultivation of any cannabis plant;
(d) require that all cannabis, the produce of land cultivated with cannabis plant, shall be delivered by the cultivators to the officers of the State Government authorised in this behalf;
(e) empower the State Government to fix from time to time, the price to be paid to the cultivators for the cannabis delivered;
(f) prescribe the forms and conditions of licences or permits for the purposes specified in sub-clauses (i) to (vi) of clause (a) of subsection (1) and the authorities by which such licences or permits may be granted and the fees that may be charged therefor.

८८. भारतीय कानूनको उल्लिखित व्यवस्था हेर्दा गाँजालाई पूर्ण रूपमा निषेध नगरी गाँजाको औषधीय, वैज्ञानिक र औद्योगिक प्रयोजनका लागि इजाजतपत्रका आधारमा खेती गर्न अनुमति दिन सकिने प्रावधान रहेको देखियो। उल्लिखित प्रावधान आधारभूत रूपमा Single Convention on Narcotic Drug, 1961 को व्यवस्थासँग मिल्दोजुल्दो देखिन्छ।

८९. सङ्घीय कानूनको माथि उल्लिखित व्यवस्थाको उपयोग गर्दै भारतका विभिन्न राज्यले औषधीय र औद्योगिक प्रयोजनका लागि गाँजाको खेती र व्यवसाय गर्ने नीति अख्तियार गरेको पनि देखिन्छ। सोही अनुरूप वैज्ञानिक र औद्योगिक अनुसन्धान परिषद्- भारतीय एकीकृत चिकित्सा संस्थान (CSIR-IIIM) लाई गाँजामा आधारित औषधीहरू विकास गर्न र निर्माण गर्न इजाजतपत्र दिइएको छ। त्यसैको आधारमा IIIM जम्मूले गाँजाखेती गर्ने जिम्मा लिई क्यान्सर, इपिलेप्सी र सिकलसेल एनिमियाका लागि गाँजाजन्य औषधी निर्माणको सुरु गरेको छ।[७६]

९०. सन् २०१८ मा नै उत्तराखण्डले फाइबर र बिउ प्राप्त गर्नका लागि THC सीमासहितको औद्योगिक भांग (Industrial Hemp) को खेती र प्रयोगलाई अनुमति दिई औद्योगिक भांग उत्पादन गर्ने भारतको पहिलो राज्य बनेको थियो।[७७] भारतको अर्को राज्य ओडिशाले आफ्नो राज्यका बासिन्दाको लागि राज्यको सीमाभित्र गाँजाको मनोरञ्जनात्मक प्रयोग गर्न पाउने व्यवस्था गरेको छ।[७८] उत्तर प्रदेश राज्यले पनि Uttar Pradesh Excise (Research Oriented Cultivation of Hemp to Develop Medicinal and Industrial Grade Plant of Hemp) Rules, 2018 जारी गरी Research Institutions लाई इजाजत दिएर औषधीय र औद्योगिक प्रयोगका लागि बीउ र यसको रेशा निकाल्न सकिने नियम बनाएको देखिन्छ।[७९] गाँजा खेतीका लागि उर्वर मानिएको[८०] हिमाचल प्रदेशले पनि पछिल्लो समयमा जुलाई २०२६ मा Himachal

---

[७६] N. Niloy *et.al.*, (2023), **Effect of cannabis on memory consolidation, learning and retrieval and its current legal status in India: A review**. *Biomolecules*, 13(1), 162, available at https://doi.org/10.3390/biom13010162

[७७] Consulting, Think Global, FSSAI on **Hemp Products: Obtaining a Hemp License in Uttarakhand**, available at: *https://www.iloconsulting.in/knowledge-center/fssai-on-hemp-products-hemp-licence-uttarakhand*

[७८] P. Uniyal (2022). **Arthritis to piles; lesser-known health benefits of cannabis or bhang revealed by Ayurveda expert,** *Hindustan Times*, available at: *https://www.hindustantimes.comes/lifestyle/health/arthritis-to-piles-lesser-known-health-befefits-of-cannabis-or-bhang-revealed-by-ayurveda-expert-101646730283525.html*

[७९] Library of Congress, **Regulation of Hemp**, November 2022, available at: *https://tile.loc.gov/storage-services/service/ll/llglrd/2022666115/2022666115.pdf?utm*

[८०] भारत सरकारको १४ अक्टुवर २०२६ को प्रेश विज्ञप्तीअनुसार नशामुक्त भारत अभियानअन्तर्गत भारतीय Central Bureau of Narcotics ले हिमाचल प्रदेशको कुल्लु क्षेत्रमा ५१६५ एकड भूमिमा लगाइएको अवैध गाँजा नष्ट गरेको थियो। Available at: *https://www.pib.gov.in/PressReleseDetailm.aspx?PRID=2323271&lang=1&reg=3&utm*

Pradesh Narcotic Drugs and Psychotropic Substances (Amendment) Rules, 2026 जारी गरी हिमाचल प्रदेशको State Taxes and Excise Department को आधिकारिक वेबसाइटमा औद्योगिक तथा व्यावसायिक प्रयोजनका लागि गाँजा खेती गर्न अनुमति दिनेसम्बन्धी आदेश प्रकाशित गरेको देखिन्छ।[८१] उक्त आदेशले औषधीय तथा औद्योगिक उत्पादन लगायतका वैज्ञानिक प्रयोजनका लागि नियन्त्रित रूपमा गाँजा खेतीको कानूनी आधार सिर्जना गरेको भए तापनि Traceability र Controlled environment जस्ता निगरानीका कडा शर्त राखिएको देखिन्छ।[८२]

९१. यसप्रकार, भारतमा सङ्घीय NDPS ऐन अनुसार गाँजा खेती, उत्पादन, तैयारी तथा यसको बिक्री वितरण आदि कारोबार गैरकानूनी भए तापनि सो ऐनले दिएको अधिकार प्रयोग गरी केही राज्यहरूले यसको औषधीय र औद्योगिक प्रयोजनका लागि नियन्त्रित रूपमा व्यावसायिक खेती गर्न सकिने कानूनी व्यवस्था गरी सोको खेती तथा उत्पादनसमेत सुरु गरिसकेको देखिन्छ भने अन्य केही राज्यहरू समेत त्यसतर्फ उन्मुख भएको देखिन्छ।[८३] यसबाट भारत गाँजालाई नियन्त्रित वैधानिकीकरण प्रदान गर्ने दिशातर्फ उन्मुख भएको देखिन आउँछ। यस सन्दर्भमा Great Legalization India Trust ले गाँजालाई अपराधीकरण गर्ने NDPS ऐनका विभिन्न दफाहरूले भारतीय संविधानप्रदत्त वैयक्तिक स्वतन्त्रताको हक, जीवनको हक र सम्पत्तिको हक लगायतका (धारा १४, १९, २१, २५, २९) विभिन्न मौलिक हक अधिकारलाई कुण्ठित गरेको भनी ती दफाहरू बदर गरी गाँजालाई वैधानिकीकरण गर्ने सम्बन्धमा उपयुक्त आदेश जारी गरिपाऊँ भनी दिल्ली उच्च अदालतमा W.P.(C) 7608/2019 को रिट दायर गरेकोसमेत देखिन्छ। सो अदालतले २३ जनवरी २०२६ मा उक्त रिट निवेदनमा आदेश गर्दा निवेदकको मागबमोजिम NDPS का सम्बन्धित कानूनी व्यवस्थालाई बदर गरेको नदेखिए तापनि निवेदकले उठाएको विषयलाई महत्त्वपूर्ण र विचारणीय भन्दै यो विषय सार्वजनिक नीतिसँग सम्बन्धित भएकाले सम्बन्धित विज्ञसँग व्यापक परामर्श गर्न

---

[८१] Available at: *https://www.hptax.gov.in/notification?page=2&utm* हिमाचल प्रदेशको यो कानूनी व्यवस्था प्रस्तुत निवेदनमा आदेश भैसकेपश्चात् भएको देखिए तापनि सन्दर्भका लागि उपयोगी हुने ठानी उद्धरण गरिएको हो।

[८२] **Himachal becomes third state in India to allow legal cannabis cultivation for medicinal, scientific use**, *The New Indian Express*, Oct, 20, 2026, available at: *https://www.newindianexpress.com/india/2026/Jul/24/himachal-becomes-third-state-in-india-to-allow-legal-cannabis-cultivation-for-medicinal-scientific-use?utm*

[८३] Buffalo Extraction System, January 2, 2023, **Is Cannabis legal in India? Understandiing the legal status under NDPS Act,** available at: *https://www.buffaloextracts.com/knowledge/legal-status-of-cannabis-in-india/*

सरकारलाई निर्देशन दिएको देखिन्छ।[८४]

९२. **यसप्रकार, लागू औषध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था (Narcotic drug control regime) हेर्दा अन्तर्राष्ट्रिय कानूनमासमेत गाँजालाई कोका लगायतका अन्य गम्भीर तथा हानीकारक लागू औषधको वर्गीकरणबाट अलग गरी कम हानिकारक लागू औषधको वर्गीकरणमा राखिएको, गाँजाको गैरऔषधीय तथा औद्योगिक प्रयोगका लागि राज्यले आफ्नो प्रत्यक्ष नियन्त्रण र निगरानीमा रहने गरी नियन्त्रित खेती तथा उत्पादन गर्न सक्ने प्रावधान रहेको र सो प्रावधानका सम्बन्धमा समेत अन्तर्राष्ट्रिय कानूनको व्यवस्थाअनुसार नै पक्ष राज्यले आरक्षण राख्न सक्ने व्यवस्था भई विभिन्न राष्ट्रहरूले गाँजा नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय प्रबन्ध आफ्ना हकमा लागू नहुने भनी आरक्षण राखेकोसमेत देखिन्छ। यस्तै गाँजा नियन्त्रणसम्बन्धी विभिन्न देशको तुलनात्मक अभ्यासलाई हेर्दा पनि पछिल्लो दशकमा धेरै देशहरूले लागू औषध नियन्त्रणसम्बन्धी परम्परागत फौजदारी कानूनमा आवश्यक संशोधन तथा परिमार्जन गरी गाँजाको औषधीय, औद्योगिक वा मनोरञ्जनात्मक प्रयोगलाई नियन्त्रित रूपमा वैधानिकता दिँदै आएको अवस्था देखिन आउँछ।**

९३. अब अन्तिम अर्थात् **निवेदन मागबमोजिमको कुनै आदेश जारी हुनु पर्ने अवस्था छ वा छैन?** भन्ने प्रश्नतर्फ विचार गर्दा, रिट निवेदकले मुख्य गरी विश्वमा गाँजालाई लागू औषधबाट नियन्त्रित औषधीय, खाद्य पदार्थ तथा औद्योगिक कच्चा पदार्थका रूपमा स्वीकार गरी गाँजाको खेती, उत्पादन, तैयारी, बिक्री वितरण, लगायतका कार्यलाई खुला गरेको लगायतका सन्दर्भलाई मध्येनजर गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ जारी हुँदाका बखत नै सो ऐनको दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाको (१) मा नेपाल सरकारले आवश्यक नियम बनाई पश्चिमी पहाडी भेगमा आफैं उत्पादन हुने गाँजाबाट चरेस उत्पादन, सङ्ग्रह र ओसारपसार गर्न अनुमतिपत्र प्रदान गर्ने गर्न सक्ने व्यवस्था भएकोमा सरकारले हालसम्म सोसम्बन्धी नियम नबनाएका कारणले ऐनको व्यवस्थाबमोजिम गाँजाको उपयोग गर्न नसकिएको, सोही ऐनको दफा ५ को खण्ड (क) बमोजिम औषधोपचारको निमित्त अनुमति प्राप्त पसलबाट गाँजा खरिद गरी सेवन गर्न सकिने र ऐ. खण्ड (ख) बमोजिम तोकिएको

---

[८४] हेर्नुहोस् फैसला; https://delhihighcourt.nic.in/app/showFileJudgment/75523012026CW76082019_121930.pdf?utm यो फैसला प्रस्तुत निवेदन मा आदेश भइसकेपश्चात् भएको देखिए तापनि सन्दर्भका लागि उपयोगी हुने ठानी आदेशको पूर्ण पाठमा उद्धरण गरिएको हो।

अधिवक्ता सरोज अधिकारीसमेत विरुद्ध प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत मुद्दाः परमादेशसमेत, ०७९-WO-०९९४, पृष्ठ ४९

वर्गका व्यक्तिले तोकिएको मात्रामा गाँजा सेवन गर्न सक्नेमा सोबमोजिम अनुमति प्रदान गर्नेसम्बन्धी नियम नबनाएका कारण औषधोपचारका लागि गाँजाको सेवन गर्नसमेत नसकिएकोले ऐन कार्यान्वयनका लागि आवश्यक पर्ने उल्लिखित प्रत्यायोजित विधायन जारी गर्न तथा ऐनको दफा २४ बमोजिम औद्योगिक कच्चा पदार्थ (hemp) बनाउने उद्देश्यले गाँजा खेती गर्नका लागि अनुमति दिने लगायत गाँजाको विभिन्न उपयोगिता र विश्व बजारमा नेपालको गाँजाको माग आदिलाई मध्येनजर गरी धार्मिक कार्यमा गाँजाको प्रयोग गर्ने, उमेर पुगेका व्यक्तिले निश्चित मात्रामा मनोरञ्जनको लागि गाँजा सेवन गर्ने, पर्यटन प्रबर्द्धनका लागि निश्चित क्षेत्रहरूमा गाँजा सेवन गर्न गराउन दिने लगायत लागू औषध (नियन्त्रण) ऐन,२०३३ ले गाँजामा लगाएको प्रतिबन्ध फुकुवा गरी उल्लिखित प्रयोजनका लागि गाँजाको खेती, तैयारी, उत्पादन तथा बिक्री वितरण र निकासी पैठारी गर्न सकिने गरी आवश्यक नियमावली बनाउन विपक्षीहरूका नाउँमा परमादेश जारी गरिपाऊँ भनी माग गरेको देखिन्छ।

९४. सो सम्बन्धमा माथिका प्रश्नहरूका सन्दर्भमा गरिएको विवेचनाअनुसार गाँजा प्रचलित नेपाल कानून तथा लागू औषध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था (International narcotic drug control regime) अन्तर्गतसमेत प्रतिबन्धित लागू पदार्थ हो भन्ने तथ्यमा विवाद भएन। गाँजाको अनियन्त्रित प्रयोगबाट त्यस्तो व्यक्ति लागू औषधको दुर्व्यसनमा फस्ने एवम् यसबाट व्यक्तिगत आर्थिक सामाजिक समस्या सिर्जना हुनुका साथै यसले सार्वजनिक स्वास्थ्यमा हानी पुऱ्याउने र सामाजिक सांस्कृतिक विकृति विसङ्गति ल्याउन सक्ने उच्च जोखिमलाई आत्मसात गरी गाँजालाई घरेलु तथा अन्तर्राष्ट्रिय कानूनमा समेत प्रतिबन्धित लागू औषधका रूपमा वर्गीकृत गरेको तथ्य बोधगम्य नै छ।

९५. तथापि, नेपाल लगायत पूर्वीय समाजमा गाँजाको औषधीय प्रयोगलाई स्वीकार गरिएको र लामो समयदेखि प्रयोग गरिँदै आएको तथ्य पनि आधिकारिक प्रमाणहरूले नै स्थापित गरेको देखिन्छ। पछिल्ला केही दशकमा गाँजाका सम्बन्धमा गरिएका थप अध्ययन अनुसन्धानहरूले गाँजाको औषधीय महत्त्वलाई थप उजागर गर्नुका साथै यसलाई एक महत्त्वपूर्ण औद्योगिक कच्चा पदार्थका रूपमा समेत देखाएको पाइन्छ।

९६. विश्व स्वास्थ्य संगठनले गाँजालाई अफिम कोका लगायतका अन्य हानिकारक लागू औषधको कोटीमा राख्न नहुने भनी United Nations Commission on Narcotic Drugs लाई सिफारिस गरेकोसमेत देखिन्छ। सो सिफारिसमा नेपालले समेत उक्त प्रस्तावको पक्षमा मतदान गरेको

देखिएको छ। उक्त सिफारिसबमोजिम नै सो आयोगले पनि गाँजालाई महासन्धिको अनुसूची IV बाट हटाएको अवस्थासमेत देखिन्छ।

९७. गाँजाको अपराधीकरण सम्बन्धी ऐतिहासिक आयाम हेर्दा पनि विश्वका अधिकांश मुलुकहरूमा हाल कायम रहेको लागू औषध नियन्त्रणसम्बन्धी कानून मुख्य गरी लागू औषध नियन्त्रण सम्बन्धी संयुक्त राष्ट्र संघीय Single Convention on Narcotic Drugs, 1961 ले गाँजालाई लागू औषधका रूपमा प्रतिबन्ध लगाएका कारण सदस्य राष्ट्रहरूले सो दायित्व पालना गर्नुपर्ने सन्दर्भमा गाँजाको खेती, उत्पादन तथा सेवन लगायतका कार्यलाई अपराधीकरण गरेको देखिन्छ। नेपाल पनि सो सन्दर्भबाट अलग देखिँदैन। उक्त कुरा विपक्षीहरूले लिखित जवाफमा स्वीकार गरेको देखिन्छ। विपक्षी मध्येका प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तथा गृह मन्त्रालय समेतको लिखित जवाफमा लागू औषध नियन्त्रणसम्बन्धी संयुक्त राष्ट्र संघीय Single Convention on Narcotic Drugs, 1961 ले गाँजालाई लागू औषधका रूपमा प्रतिबन्ध लगाएको स्थितिमा अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्वको पालना गर्ने दृष्टिले पनि निवेदन माग बमोजिमको आदेश जारी गर्न नमिल्ने भएकाले रिट निवेदन खारेज हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ।

९८. अब उक्त जिकिरका सम्बन्धमा विचार गर्दा **पहिलो** उक्त महासन्धिले गाँजाको औषधीय प्रयोगलाई निषेध नगरेको, **दोस्रो** उक्त महासन्धिको धारा २३ र २८ मा पक्ष राष्ट्रले चाहेमा गाँजाको औद्योगिक तथा कृषि/बागबानी प्रयोजनका लागि सरकारबाट इजाजत अनुमति लिई तोकिएको निगरानी तथा नियमन मापदण्डभित्र रही गाँजाको खेती उत्पादन तैयारी तथा बिक्री वितरण आदि गर्न सकिने विशेष व्यवस्था रहेको र **तेस्रो** नेपालले उक्त महासन्धिको धारा ४९ बमोजिम गाँजाको गैर-औषधीय (non-medical purpose) प्रयोग गर्न सक्ने गरी आरक्षण राखी गाँजाको प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्वबाट आफूलाई अलग गरेको सन्दर्भमा लागू औषध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संयन्त्र (International narcotic drug control regime) अन्तर्गत रहेर नै नेपालले गाँजाको औषधीय तथा गैरऔषधीय प्रयोग/उपयोगका लागि कानून बनाई नियमन संयन्त्र निर्माण गरी गाँजा खेती तथा यसको औद्योगिक प्रयोग गर्न नसक्ने अवस्था देखिएन। सो हदसम्म विपक्षीहरूको लिखित जवाफ तथ्यसम्मत मान्न सकिएन। यस सम्बन्धमा विश्वका अन्य कतिपय मुलुकहरूले लागू औषध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संयन्त्रअन्तर्गत नै रहेर पनि कडा नियमन र निगरानीको

प्रावधानसहित गाँजाको नियन्त्रित उपयोगसम्बन्धी कानून बनाई गाँजा खेतीबाट लाभ लिएको सन्दर्भलाई समेत दृष्टान्तका रूपमा लिन सकिन्छ।

९९. तथापि जहाँसम्म रिट निवेदकले विश्वका अधिकांश मुलुकले गाँजाउपरको प्रतिबन्ध हटाई यसलाई गैरअपराधीकरण गरी यसबाट औषधीय, मनोरञ्जनात्मक तथा आर्थिक लाभ लिएको भनी लिएको जिकिर छ त्यसतर्फ विचार गर्दा **कुनै पनि देशले कानून बनाउँदा आफ्नो देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेश समेतका सन्दर्भमा आवश्यक र उचित देखिएका कानून बनाउनु स्वाभाविक हो। कुनै मुलुकले कुनै विषयमा कानून बनाएकोमा अन्य मुलुकले पनि सोहीबमोजिम गर्नुपर्ने भनी सामान्यीकरण गरिनु उचित हुँदैन। एउटा समाज वा मुलुकमा कुनै एक प्रकृतिको कानून उचित देखिएकोमा अर्को समाजमा त्यही कानून उचित नदेखिन वा त्यस्तै कानूनले अपेक्षित परिणाम नदिन पनि सक्छ। कानून कुनै एक मुलुकबाट अर्को मुलुकमा हुबहु नक्कल गर्ने विषय पनि होइन। गाँजाको प्रयोगजस्तो अत्यन्त संवेदनशील विषयमा कानूनी व्यवस्था गर्दा आफ्नो मुलुकको आर्थिक, सामाजिक, साँस्कृतिक परिवेश तथा चेतनाको स्तर र आवश्यकता समेतलाई केन्द्रमा राखी कानुन बनाउनुपर्ने हुन्छ। राष्ट्र र समाजलाई महत्त्वपूर्ण र दीर्घकालीन असर पुऱ्याउने यस्ता विषयमा कानून बनाउँदा यसका विविध पक्षहरूलाई समेटी व्यापक बहस, छलफल र अध्ययन अनुसन्धानसमेत गरी गराई कानून निर्माण गर्नु सर्वथा अपेक्षित हुन्छ।**

१००. यस विषयमा विपक्षी निकायहरूले नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद् जस्ता Think-tank institution बाटै अध्ययन अनुसन्धान गरे गराएको अवस्थासमेत देखियो। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेतका विपक्षीहरूको लिखित जवाफमा नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले **नेपालमा गाँजा खेतीको वैधानिकीकरणका सम्भावना र चुनौती**का सम्बन्धमा अध्ययन अनुसन्धान गरिरहेकाले सो अध्ययन कार्य समाप्त भई प्रतिवेदन प्राप्त भएपछि के कस्तो कानून निर्माण गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सोही बखत उपयुक्त निर्णय गरिने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा महत्त्वपूर्ण पक्ष के रहेको छ भने ती संस्थाले आफूलाई प्राप्त कार्यादेशबमोजिम अध्ययन अनुसन्धान पूरा गरी गाँजाको औषधीय तथा औद्योगिक प्रयोजनका लागि नियन्त्रित प्रयोग गर्न आवश्यक र उचित देखिएको भनी सिफारिस सहितको प्रतिवेदन पेस गरेको अवस्था छ।

१०१. यस अतिरिक्त, गाँजा खेती, उत्पादन, तैयारी, बिक्रीवितरण तथा सेवन लगायतका कार्यलाई निषेध गरिएको लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा नै तोकिएका खास खास अवस्थामा राज्यले नियम बनाई वा आदेश जारी गरी अनुमतिपत्र प्रदान गरी सो अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम गाँजाको खेती, उत्पादन, बिक्री वितरण तथा सेवन आदि गर्न सकिने कानूनी व्यवस्था रहेकोसमेत देखिन्छ। यस सम्बन्धमा ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) र (२) बमोजिम नेपालको पश्चिमी पहाडी भेगमा आफैं उम्रने गाँजाबाट चरेस उत्पादन, सङ्ग्रह र ओसारपसार गर्न नियम बनाई अनुमतिपत्र प्रदान गर्न सक्ने, दफा ५ को खण्ड (क) र (ख) बमोजिम औषधोपचारको निमित्त स्वीकृत चिकित्सकको सिफारिसमा कुनै व्यक्तिले अनुमतिप्राप्त पसलबाट सिफारिस बमोजिमको लागू औषध खरिद गरी सेवन गर्न वा तोकिएको वर्गका व्यक्तिले तोकिएको मात्रामा लागू औषध सेवन गर्न सक्ने व्यवस्था तथा ऐनको दफा ६ बमोजिम नेपाल सरकारबाट विशेष अनुमति प्राप्त गरी कुनै संस्थाले औषधी वा वैज्ञानिक अनुसन्धानको प्रयोजनका लागि कुनै लागू औषध (गाँजा) को खेती, तैयारी, उत्पादन, बिक्री वितरण वा निकासी पैठारीसमेत गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ। **ऐनको उक्त प्रावधान कार्यान्वयनका लागि सरकारले सो ऐनको दफा २२ बमोजिमको नियम वा आदेश जारी गर्न आवश्यक हुनेमा सरकारले उक्त ऐन जारी गरेको पचास वर्षको अवधिसम्म पनि यससम्बन्धी नियम बनाएको वा आदेश जारी गरेको देखिंदैन। यसबाट सरकारले आवश्यक नियम नबनाएकै कारण नेपालले Narcotic drug regime ले स्वीकार गरेको गाँजाको औषधीय उपयोग र वैज्ञानिक अनुसन्धानबाट किञ्चित लाभ लिन नसकेको अवस्था स्पष्ट देखिन्छ। वैज्ञानिक खोज र तथ्ययुक्त अनुसन्धानबाट नै गाँजाको औषधीय उपयोगिता स्थापित भएको र नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमासमेत आफैं उम्रने भनी स्वयम् विधायिकी ऐनले स्वीकार गरेको गाँजालाई यसको उचित नियमन र प्रयोगसम्बन्धी आवश्यक संयन्त्र निर्माण नगरेकै कारण यसबाट अपेक्षित लाभ लिन नसक्नु देशका लागि बाञ्छित अवस्था भनी मान्न सकिएन। नेपालको संविधानले उपलब्ध प्राकृतिक स्रोत साधनको राष्ट्रिय हित अनुकूल हुने गरी उपयोग गर्नुपर्ने नीति आत्मसात गरेको छ। यस स्थितिमा गाँजाको उपयोगका लागि विधायिकी कानूनले खोजेको नियम, कार्यविधि वा निर्देशिकाहरू बनाई उपलब्ध स्रोत साधनको समुचित लाभ लिन सक्ने वातावरण सिर्जना गर्नु राज्यको अहम दायित्व हुन जाने देखियो।**

१०२. **साथै, लागू औषध (नियन्त्रण) ऐन, २०३३ ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको**

अधिवक्ता सरोज अधिकारीसमेत विरुद्ध प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत मुद्दाः परमादेशसमेत, ०७९-WO-०९९४, पृष्ठ ५३

खण्ड (१) र (२) ले नेपालको पश्चिम पहाडी भेगका आफैं उम्रेका जङ्गली गाँजाका हकमा नियम बनाई अनुमति प्रदान गरी उत्पादन तथा तैयारी आदि गर्न सकिने भनी सो विषयलाई आफैं उम्रेको जङ्गली गाँजाका हकमा मात्र सीमित गरी नियम बनाउन निर्देश गरेको देखिए तापनि ऐनको दफा ६ ले औषधी तथा वैज्ञानिक अनुसन्धान प्रयोजनका लागि गाँजा खेती, तैयारी र निकासी पैठारी आदि गर्न सकिने व्यवस्था गर्नुका साथै Single Convention on Narcotic Drugs, 1961 मा गाँजाको गैरऔषधीय, बागबानी/कृषि र औद्योगिक प्रयोजनका लागि नियन्त्रित प्रणालीअन्तर्गत खेती गर्न सकिने विशेष व्यवस्था रहेको र त्यसमा पनि नेपालले गाँजासम्बन्धी महासन्धिको दायित्वबाट आफूलाई अलग राख्ने गरी आरक्षण पेस गरेको, United Nations Commission on Narcotic Drugs ले महासन्धिको अनुसूचीमा संशोधन गरी गाँजालाई हानीकारक लागू औषधको सूचीबाट हटाएको तथा पछिल्लो समयमा गाँजाका सम्बन्धमा गरिएका अध्ययन अनुसन्धानहरूले यसको औषधीय महत्त्वलाई थप उजागर गर्नुका साथै यसलाई औद्योगिक उत्पादनको एक महत्त्वपूर्ण कच्चा पदार्थको रूपमा स्वीकार गरेको र नेपाल सरकार आफैंले गरे गराएको आधिकारिक अध्ययनले समेत औषधीय र औद्योगिक उपयोगका लागि गाँजाको नियन्त्रित खेती तथा उत्पादन गर्न सिफारिस गरेको समेतका घटनाक्रम तथा परिस्थिति समेतलाई मध्येनजर गर्दा सरकारले सो ऐनको दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाको प्रयोजनका लागि नियम बनाउँदा वा आदेश जारी गर्दा केवल प्राकृतिक रूपमा आफैं उम्रेको गाँजाका हकमा मात्र सीमित भई रहनुपर्ने आवश्यकता देखिंदैन। अपितु, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को मर्म र भावना नमर्ने गरी र अन्तर्राष्ट्रिय लागू औषध नियन्त्रणसम्बन्धी कानूनी व्यवस्थाको प्रतिकूलसमेत नहुने गरी नियन्त्रित प्रणालीअन्तर्गत वैज्ञानिक, औषधीय र औद्योगिक उत्पादनका रूपमा गाँजाको खेती, उत्पादन, तैयारी तथा बिक्री वितरण र निकासी पैठारीसमेत गर्न सक्ने गरी नियम बनाउन सक्ने अवस्था देखियो। विश्वका अन्य कतिपय मुलुकहरूले समेत गाँजालाई नियन्त्रित प्रणालीअन्तर्गत खेती तथा उत्पादनका लागि वैधानिकता प्रदान गरेको समेतका सन्दर्भमा नेपालले तुलनात्मक रूपमा देखिएको असल अभ्यासलाई सन्दर्भमा राखी नेपालको आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक वैशिष्ट्यअनुसार उपयुक्त देखिएको ढाँचामा कानून बनाउन सक्ने अवस्था देखिन्छ।

१०३. अब, यस स्थितिमा निवेदकले माग गरेबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छ वा छैन भन्ने सम्बन्धमा हेर्दा निवेदकले मुख्य रूपमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले

गाँजामा लगाएको प्रतिबन्ध फुकुवा गरी औषधीय, औद्योगिक र मनोरञ्जनात्मक प्रयोजनका लागि समेत गाँजाको खेती, तैयारी, उत्पादन, बिक्री वितरण तथा सेवनसमेत गर्न सकिने गरी आवश्यक नियमावली बनाउन विपक्षीहरूका नाउँमा परमादेश जारी गरिपाउन माग गरेको देखिन्छ। सामान्यत: परमादेश सार्वजनिक निकाय वा सार्वजनिक जिम्मेवारीमा रहेका अधिकारीहरूले कानूनबमोजिम पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेका कारण सोबाट नागरिकका हक अधिकारमा असर परेको अवस्थामा ती निकाय वा अधिकारीलाई कानून बमोजिमको दायित्व पूरा गराउन जारी गरिने विशेष प्रकृतिको आदेश हो। **सरकारी वा सार्वजनिक निकाय वा अधिकारीहरूले कानून बमोजिमको दायित्व पूरा नगरेका कारण सोबाट नागरिकका हक अधिकारमा असर परेको अवस्थामा ती निकाय वा अधिकारीलाई कानून बमोजिमको कर्तव्य पूरा गर्न लगाई नागरिकको हक अधिकारको संरक्षण गर्नु यस अदालतको संवैधानिक दायित्व हुने र सो प्रयोजनका लागि यस अदालतले नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्ने नै हुन्छ।**

१०४. यस आलोकमा निवेदकले माग गरेको विषयवस्तुलाई हेर्दा **रिट निवेदकले लागू औषध (नियन्त्रण) ऐन,२०३३ ले गाँजामा लगाएको प्रतिबन्ध फुकुवा गर्ने गरी उपयुक्त आदेश जारी गरिपाऊँ भनी माग गरेको देखिए तापनि उक्त विषय जनस्वास्थ्य तथा सामाजिक मूल्यसँग समेत जोडिएको सार्वजनिक नीतिको विषय भएको र कुनै पनि कार्यलाई फौजदारी कसूर हो वा होइन भनी परिभाषित गरी सजाय तोक्ने वा कुनै कार्यलाई अपराधीकरण वा गैरअपराधीकरण (criminalization and decriminalization) गर्ने अधिकार व्यवस्थापिकालाई मात्र हुने भएकाले व्यवस्थापिकीय अधिकारक्षेत्र भित्रको नीतिगत विषयमा यस अदालत प्रवेश गरी व्यवस्थापिकाले कानून बनाई गाँजाको खेती उत्पादन तथा बिक्री वितरण र सेवन आदिलाई अपराध घोषित गरेको कार्यलाई यस अदालतले त्यस्तो कार्य कसूर नहुने भनी गैरअपराधीकरण गर्नु यस अदालतको अधिकारक्षेत्र भित्रको विषय देखिएन। नेपालको संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई आ-आफ्नो अधिकार र यसको प्रयोगको सीमा समेत निर्धारण गरिदिएकोमा सो सीमाभन्दा बाहिर गई कार्यपालिका वा व्यवस्थापिकाको अधिकारक्षेत्रभित्र प्रवेश गरी कुनै आदेश जारी गर्नु शक्ति पृथक्कीकरणको सिद्धान्त अनुकूल समेत नहुने भएकाले गाँजालाई समग्रमा गैरअपराधीकरण गरिपाऊँ भन्ने हदसम्म निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिलेन। सो हदसम्म रिट निवेदन खारेज हुने ठहर्छ।**

१०५. निवेदकले गाँजाको सेवन तथा मनोरञ्जनात्मक प्रयोगमा लगाइएको प्रतिबन्ध हटाउनसमेत उपयुक्त आदेश माग गरेको देखिए तापनि गाँजा अद्यापि international drug control regime अन्तर्गत प्रतिबन्धित लागू औषधको सूचीमा नै रहेको र गाँजाको प्रयोगबाट उत्पन्न हुन सक्ने व्यक्तिगत स्वास्थ्य समस्या तथा यसबाट सिर्जित आर्थिक सामाजिक समस्या र सांस्कृतिक एवम् नैतिक मूल्य मान्यतामा आउने ह्रास समेतलाई मनन गर्दा, यस सम्बन्धमा राज्यले सम्बन्धित विशेषज्ञ सरोकारवालाहरूसमेत सँग आवश्यक परामर्श गरी निर्णय गरिनुपर्ने नीतिगत विषय समेत देखिएकाले सो सन्दर्भमा समेत निवेदकको माग बमोजिमका आदेश जारी हुन उचित देखिएन।

१०६. तथापि, राज्यबाट अनुमतिपत्र लिई अनुमतिपत्रमा तोकिएको शर्तका अधीनमा रही गाँजाको औषधीय, वैज्ञानिक अनुसन्धान तथा औद्योगिक उत्पादनको प्रयोजनका लागि गाँजाको खेती उत्पादन तथा तैयारी आदि गर्न सकिने विषयलाई विधायिकी कानूनले स्पष्ट रूपमा स्वीकार गरेको अवस्था देखियो। गाँजाको औषधीय प्रयोजन, वैज्ञानिक अनुसन्धान तथा औद्योगिक उत्पादनको विषय प्राकृतिक स्रोत साधनको सदुपयोग तथा मुलुकको आर्थिक समृद्धिसँग जोडिएको विषयसमेत देखिन्छ। नेपालले Single Convention on Narcotic Drugs, 1961 मा आरक्षण राख्नु पछाडिको मुख्य उद्देश्य पनि नेपालको माटो तथा हावापानीमा पर्याप्त मात्रामा उम्रने/उत्पादन हुने प्राकृतिक वनस्पति गाँजाबाट अधिकतम लाभ लिन महासन्धिको व्यवस्था बाधक नबनोस् भन्ने नै देखिन्छ। नीति अनुसन्धान प्रतिष्ठानको अध्ययन प्रतिवेदनमा पनि सारतः नियन्त्रित प्रणाली अन्तर्गत गाँजा खेती गर्न सकिने गरी कानूनी व्यवस्था गरिनुपर्ने भन्ने मुख्य सिफारिस देखिन्छ। अझ महत्त्वपूर्ण कुरा त यस दृष्टिकोणलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले नै स्वीकार गरेको छ तर यसका लागि आवश्यक नियम बनाई सोअन्तर्गत अनुमतिपत्र जारी नगरिएका कारण ऐन निर्माताले कानून निर्माण गर्दाका बखत परिकल्पना गरेअनुरूप आवश्यक संयन्त्र निर्माण भई गाँजाको व्यावसायिक खेती र उत्पादन आदि हुन नसकेको अवस्था देखिन आउँछ।

१०७. **ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांश (१) मा सरकारले "नियम बनाइ व्यवस्था गर्न सक्ने" भन्ने शब्दावलीको प्रयोग भएको देखिए तापनि कानूनमा "सक्ने" शब्दको प्रयोग भएकै कारण सो बमोजिमको नियम नबनाए पनि हुने वा अनन्त कालसम्म जहिले बनाए पनि हुने भनी अर्थ गर्न मिल्ने देखिंदैन। ऐनमा व्यवस्थापिकाले सरकारले कुनै काम "गर्न**

सक्ने" भन्नुको अर्थ सरकारले उक्त व्यवस्थाको उचित कार्यान्वयन गर्छ भन्ने अपेक्षाका साथ ऐनमा सो प्रावधान राखेको भनी मान्नुपर्ने हुन्छ। कानूनका कुनै पनि व्यवस्था बिना प्रयोजन राखिएको भनी मान्न मिल्दैन। तर ऐनको व्यवस्था कार्यान्वयनका लागि ऐन जारी भएको झन्डै पाँच दशकसम्म नियम नबनाएका कारण ऐनको व्यवस्था नै कार्यान्वयन हुन नसकी ऐनको व्यवस्था नै निरर्थक वा निष्प्रयोजित हुन गएको अवस्था देखियो। कानूनले गाँजाको अनियन्त्रित प्रयोगबाट सिर्जना हुन सक्ने विकृति विसङ्गतिलाई रोकी यसबाट राज्यले लिन सक्ने लाभका मार्गलाई कानून बनाई व्यवस्थित गर्न सकिने दृष्टिकोण लिएकोमा सो व्यवस्था कार्यान्वयनका लागि राज्यले आवश्यक कानूनी प्रबन्ध नगर्नुलाई राज्यका निकायले कानूनबमोजिम पूरा गर्नुपर्ने दायित्व पूरा गरेको भनी मान्न मिलेन। विधायिकी ऐनले यस सम्बन्धमा सरकारले नियम बनाई उक्त व्यवस्था कार्यान्वयन गर्न सक्ने भनी व्यवस्था गरेकोमा यथाशीघ्र सो बमोजिमको नियम बनाउनु राज्यका निकायको कर्तव्य हुन आउने देखियो। सो बमोजिमको नियम नबनाउनुलाई सरकारले आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा गर्न इन्कार गरेको वा सो सम्बन्धमा उदासीन रहेको भनी मान्नुपर्ने देखिन आयो। यस स्थितिमा यस अदालतले नेपालको संविधानको धारा १३३ को उपधारा (२)र (३) बमोजिम विपक्षीहरूका नाउँमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम बनाउनु भनी आदेश जारी गर्नुपर्ने अवस्था देखिन आयो।

१०८. अब, उल्लिखित व्यवस्थाको कार्यान्वयनका लागि लागू औषध (नियन्त्रण) ऐन,२०३३ अन्तर्गत नियम बनाउने वा आदेश जारी गर्ने नेपाल सरकारको कर्तव्य हो वा होइन भन्ने सम्बन्धमा हेर्दा यस अदालतले **निवेदक कुमारी खरेल विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत**[८५] भएको परमादेशको रिट निवेदनमा उपभोक्ता संरक्षण ऐन,२०७५ को दफा ४१ मा सरकारले आवश्यकताअनुसार उपभोक्ता अदालत गठन "गर्न सक्नेछ" भन्ने व्यवस्था भए तापनि ऐनमा "गर्न सक्नेछ" भन्ने भाषिक संरचना प्रयोग भएकै कारण "गर्न सक्नेछ" को अर्थ गर्न नपर्ने गरी लगाउन मिल्दैन। उपभोक्ता अदालत गठन गर्नु उपभोक्ता संरक्षण ऐनको मूल व्यवस्था भएकाले ऐनले उपभोक्ता अदालत गठन नगर्ने छुट नेपाल सरकारलाई दिएको छैन भनी उपभोक्ता अदालत गठन गर्न परमादेश जारी गरेको र **निवेदक अजय शंकर झा "रुपेश" विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को**

[८५] ने.का.प.२०८०, अङ्क २, नि. नं. ११०४१

कार्यालयसमेत[८६] भएको परमादेश मुद्दामा बालबालिकासम्बन्धी ऐन,२०७५ को दफा ३०(१) मा "...बाल अदालत गठन गर्न सक्नेछ" भन्ने व्यवस्था गरी ऐनमा "गर्न सक्ने" व्यवस्था गरेको भए तापनि यसले बाल अदालत गठन गर्ने सम्बन्धमा सरकारको दायित्व सिर्जना गर्ने भनी सिद्धान्त प्रतिपादित गरेको देखिएको सन्दर्भमा कानूनमा "गर्न सक्नेछ" भन्ने शब्दावली प्रयोग गरेकै कारण त्यसप्रति राज्यको दायित्व नहुने भनी निष्कर्षमा पुग्न मिल्ने देखिएन। उल्लिखित सिद्धान्तहरू प्रस्तुत मुद्दाको हकमा समेत आकर्षित हुने देखियो। उल्लिखित सिद्धान्त समेतको रोहमा लागू औषध (नियन्त्रण) ऐन,२०३३ अन्तर्गत गाँजाको खेती, उत्पादन र तैयारी आदिका सम्बन्धमा इजाजतपत्र जारी गर्ने समेतका व्यवस्थाका लागि सरकारले आवश्यक नियम बनाउने वा आदेश जारी गर्नुपर्ने आवश्यकतालाई इन्कार गर्न सक्ने अवस्था देखिएन र त्यस्तो नियम बनाई वा आदेश जारी गरी ऐनको व्यवस्था कार्यान्वयन गर्नु सो ऐनअन्तर्गत नेपाल सरकारको कर्तव्य हुने देखियो।

१०९. तसर्थ, माथि विवेचित आधार, कारण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, यस अदालतबाट प्रतिपादित सिद्धान्त, विधिशास्त्रीय मान्यता र तुलनात्मक अभ्यास समेतबाट लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले नेपाल सरकारलाई प्रत्यायोजन गरेको नियम बनाउने अधिकारको लामो समयसम्म प्रयोग नगरी सो ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली, मापदण्ड र कार्यविधि आदि जारी नगरेबाट लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (१) र (२) तथा दफा ५ र ६ समेतको प्रभावकारी कार्यान्वयन हुन नसकेकाले उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सो ऐन तथा Single Convention on Narcotic Drugs, 1961 को व्यवस्था तथा सोको मर्म र भावनासमेत प्रतिकूल नहुने गरी सो ऐनको व्यवस्था र महासन्धिको धारा २३ र २८ को व्यवस्था समेतलाई मध्येनजर गरी औषधीय, वैज्ञानिक तथा कृषि/बागबानी र औद्योगिक प्रयोजनका लागि गाँजाको व्यावसायिक खेती, उत्पादन, प्रशोधन, भण्डारण, प्रयोग र बिक्री वितरण तथा निकासी पैठारी गर्न इजाजत/अनुमतिपत्र प्रदान गर्ने तथा सोबाहेक गाँजाको गैरकानूनी खेती, उत्पादन, निर्माण, तैयारी र बिक्री वितरण लगायतका निषेधित कार्य गर्न नपाउने सम्बन्धमा कडा नियमन र निगरानी संयन्त्रको निर्माणसहित यो आदेश प्राप्त भएका मितिले तीन महिनाभित्र नियमावली, मापदण्ड तथा कार्यविधि लगायत जो जे

---

[८६] ०७८-WO-१०३०, फैसला मितिः २०८०।०६।०७

कानूनी प्रबन्ध गर्नुपर्छ गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम गाँजाको नियन्त्रित खेती तथा उत्पादनको व्यवस्था मिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ।

११०. गाँजाको मनोरञ्जनात्मक प्रयोगको विषय लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले स्पष्ट रूपमा अङ्गिकार गरेको नदेखिएको र यो एक व्यापक सामाजिक आर्थिक प्रभाव पार्ने सार्वजनिक नीतिगत विषयसमेत देखिएकाले सो सम्बन्धमा नेपालको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशसमेतलाई ध्यानमा राखी सम्बन्धित विषय विज्ञ तथा सरोकारवालाहरूसँग समेत बृहत्तर छलफल र परामर्श गरी कानूनी व्यवस्थाको संशोधन र परिमार्जन आवश्यक देखिए सोका लागि पहल गर्नु भनी विपक्षीमध्येका नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण गराइएको छ।

१११. यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरूलाई दिनू। प्रस्तुत आदेश यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी प्राप्ति मिसिल नियमानुसार बुझाइदिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा सहमत छु-

(तिल प्रसाद श्रेष्ठ)
न्यायाधीश

फैसला लेखनमा सहयोग गर्नेः-
इजलास अधिकृतः सविनराज पाण्डे/जमुना धिताल
इन्टर्न सहयोगीः जयन्ती थापा/सुशिला पहाडी
कम्प्युटर अपरेटरः सन्तोष अवाल/अभिषेक कुमार राय
इति संवत् २०८२ जेठ महिना ४ गते रोज १ शुभम्.....।

(इष्टव्यः प्रस्तुत फैसलाको पूर्णपाठ तयार नहुँदै मिति २०८२।०५।२४ मा यस अदालतमा भएको आगजनी, तोडफोड र लुटपाटका कारण सक्कल मिसिल फेला नपरेको हुँदा सो अघि नै माननीय न्यायाधीशले टिपोट कापीमा लेख्नुभएको राय बुँदा र इजलास अधिकृतले तयार गरेको टिपोट हेरी यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा जनिएको मुद्दाको स्थिति (Case Status) समेतका आधारमा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरणसम्बन्धी निर्देशिका, २०८२ बमोजिम यो फैसला तयार गरिएको छ।)